श्रोतः नागरिक, २०७१/१०/१०

## माथिल्लो तामाकोसीमा अर्को सफलता

४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाकै कठिन कार्यमध्येको ३७३ मिटर गहिराई भएको तल्लो पेनस्टक स्याफ्टमा सफलता प्राप्त भएको छ। ७० प्रतिशतभन्दा बढी काम सम्पन्न भएको आयोजनाले उक्त कामका लागि गत वर्षको वैशाखदेखि शुरू गरिएको थियो।

तल्लो पेनस्टक स्याफ्ट निर्माण गर्न लट नं. १ ठेकेदार सिनो हाइड्रो कर्पोरेसनले ६ पटकसम्म रेज बोरिङ मेसिन आरबीबी तथा आरभीडीएस प्रविधिबाट प्रयास गरे पनि सफलता हासिल हुन नसकेपछि आयोजनाको पहलमा स्याफ्ट राइजिङ तथा स्याफ्ट स्याङकिङ दुवै प्रविधिको प्रयोग गरी सुरुङको दुवैतर्फबाट काम शुरू भएको थियो।

स्याफ्ट स्याङकिङ प्रविधिबाट ४.४ मिटर व्यासको ठाडो सुरुङ १९३ दिनमा २१५ मिटर निर्माण गरेको आयोजनाले जनाएको छ। त्यसैगरी स्याफ्ट राइजिङ प्रविधिबाट २.१ मिटर व्यासको सुरुङ ११४ दिनमा जम्मा १५८ मिटर निर्माण गरी ब्रेक थ्रु भएको आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले बताउनुभयो। अब २.२ मिटरको १५८ मिटर लामो सुरुङलाई ४.४ मिटर व्यासमा निर्माण गरी स्टिल लाइनिङको कार्य थालिने पनि डा. न्यौपनाले बताउनुभयो।

आयोजना, परामर्शदाता तथा निर्माण कार्यमा संलग्न ठेकेदारका प्राविधिकको सुझबुझको कारणले नै अत्यन्तै जोखिम पूर्ण मानिएको लामो सुरुङ कुनै पनि मानवीय दुर्घटनाबिना निर्माण सम्पन्न गरेर ब्रेक थ्रु भएको आयोजनाले जनाएको छ। प्रवक्ता डा. न्यौपानेले अबको दुई वर्षभित्र पूर्ण क्षमताका साथ विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ काम भइरहेको बताउनुभयो। उहाँका अनुसार मंसिर मसान्तसम्म आयोजनामा २० अर्ब ६० करोड रुपियाँ खर्च भएको छ।

निर्माणको अन्तिम चरणमा आएको आयोजनाले नेपाल धितोपत्र बोर्डको सहमतिपछि शेयर निश्कासनको लागिसमेत प्रक्रिया शुरू गरेको छ। बोर्डले तामाकोसीलाई सय अंकित दरका तीन करोड ६० लाख छ हजार कित्ता शेयर जारी गर्न स्वीकृति दिएको हो। कम्पनीले निष्काशन गर्न लागेको शेयर पहिलो चरणमा कूल लगानीको ३४ प्रतिशत अनुमति प्राप्त छ। १५ प्रतिशत दोस्रो चरणमा लगत्तै निष्काशन हुनेछ।

श्रोतः नागरिक, २०७१/१०/१०

## अपि हाइड्रोपावरको शेयर आउँदै

अपि हाइड्रोपावर कम्पनीले आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि माघको तेस्रो सातादेखि शेयर निष्काशन गर्ने भएको छ। दार्चुलाको नौगढगाड खोलामा निर्माणँ गर्दै गरेको साढे आठ मेगावाट क्षमताको जलविद्युत् आयोजनाका निम्ति प्रवद्र्धक कम्पनीले शेयर निष्काशन गर्न लागेको हो। शेयर निष्काशनका लागि सम्पूणर््ँ प्रशासनिक कार्य पूरा भइसकेको कम्पनीले जनाएको छ।

प्रवद्र्धक अपि पावर कम्पनीले आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि शेयर निष्कासन माघ १९ गतेबाट आवेदन खुला गरेको जनाएको छ। आयोजना प्रभावित क्षेत्र दार्चुला र बैतडी जिल्लाका बासिन्दाका लागि १० लाख कित्ता शेयर निष्काशन हुँदै छ। आयोजनाबाट प्रत्यक्ष रूपमा दार्चुलाको देथला, धुलिगडा, रानी शिख र शिखर गाविस तथा बैतडीको रुद्रेश्वर गाविसका बासिन्दाका लागि दुई लाख कित्ता र बाँकी आठ लाख कित्ता शेयर दुई जिल्लाका अन्य गाविस बासिन्दाका लागि जारी गर्ने कम्पनी जनाएको छ।

एकसय रुपियाँ अंकित दरको शेयरका लागि न्यूनतम ५० कित्ताको आवेदन दिनु पर्छ। दुई जिल्लाका बासिन्दाले बढीमा १० हजार कित्तासम्म आवेदन दिन पाउने छन्।आयोजना प्रभावित जिल्लाका बासिन्दाले शेयर प्राप्त गरेपछि तीन वर्षसम्म बिक्री गर्न पाउने छैनन्। २०७० सालदेखि पब्लिक लिमिटेडमा परिवर्तन भएको कम्पनीले आयोजनाका लागि आवश्यक पूर्वाधारहरू जग्गा प्राप्ति, सडक, विद्युत्, खानेपानी, कर्मचारी आवास, गोदाम निर्माणँको कार्य सम्पन्न गरिसकेको छ। कम्पनीमा हाल एक हजार ६४ जना प्रवद्र्धक छन्। कम्पनीको ६० प्रतिशत शेयर संस्थापक समूहमा छ। कम्पनी १० प्रतिशत शेयर प्रभावित क्षेत्रका बासिन्दालाई बिक्री गर्ने छ। भने रहेको बाँकी ३० प्रतिशत शेयर प्रभावित क्षेत्रका जनतालाई बिक्री गरेपछि देशभरका सर्वसाधारणँलाई शेयर जारी गरिने कम्पनीले जनाएको छ।

यसैबीच संविधान निर्माणँका विषय सत्ता पक्ष र विपक्षीबीच कुरा नमिलेर राजनीतिक द्वन्द्व उत्सर्गमा पुगेको भए पनि यो साता नेपाली शेयर बजारमा त्यसले खासै प्रभाव पार्न सकेन। साताभर भएको कारोबारमा शेयर बजार १३.८८ अंकले बढेको छ।

नियमिति कारोबारका लागि चार दिनमात्रै खुलेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा भएको कारोबारमा १६४ कम्पनीको शेयर कारोबार भएको नेप्सेले जनाएको छ। ९ हजार ९६५ कारोबारबाट यो साता एक अर्ब ८८ करोड ९३ लाख ८० हजार रुपियाँ बराबरका शेयर कारोबार भएको थियो। कूल ३७ लाख ६६ हजार आठ सय ३० कित्ता शेयर खरिद बिक्री भएका छन्। कारोबार रकम गत साताको भन्दा ९१.७० प्रतिशत बढी छ।'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ३.४९ अंकले बढेर २०४.६५ अंकमा आईपुगेको छ।

यस साता कारोबार रकम (४६ करोड ३१ लाख २० हजार रुपियाँको आधारमा) स्ट्यान्डर्ड चार्टर्ड बैंक, शेयर संख्याका आधारमा ग्रान्ड बैंक (चार लाख दुई हजार कित्ता) किनबेच भएको छ।

श्रोतः नागरिक, २०७१/१०/११

## इपान र आइएफसीबीच सम्झौता

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इपान) र विश्व बैंक समूहअन्र्तगर्तको अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) बीच दुई वर्षे सम्झौता भएको छ। नेपालको जलविद्युतको दीगो विकासका लागि तालिम एवं प्रविधि उपलब्ध गराउने बारे उक्त सम्झौता भएको हो।

नेपाल जलविद्युत आयोजना निर्माण गरिरहेका निर्माण गर्ने प्रवर्द्धक, लगानीकर्ता, सरकारी तथा निजी ठेकेदारको क्षमता विस्तार गर्ने विषयमा आइएफसीले सहयोग प्रदान गर्नेछ। दुई वर्षे अवधिमा नेपाली प्रवर्द्धको क्षमता धेरै राम्रो हुने आइएफसीले जनाएको छ।

'नेपालमा विद्युतको माग हरेक वर्ष नौ प्रतिशतले बढिरहेको छ, जलविद्युत आयोजना निर्माण गर्नु नै यसको दीगो समाधान हो,' नेपालका लागि आइएफसीका आवासिय प्रतिनिधि भोलेन्टिनो एस बगाटसिङले भने। यो सहकार्यले सरोकारवाला पक्ष र लगानीकर्ताले आयोजनामा लगानी गर्न सक्ने र यसमा बैंकले सजिलै ऋण दिने पनि उनले दाबी गरे।

स्थानीयस्तरमा लगानीकर्ता तथा प्रवर्द्धकले भोगिरहेको समस्या समाधान गर्न पनि आइएफसीसँगको सहकार्य सहयोग सिद्ध हुनेछ। स्थानीय समस्या समाधान गर्न तथा पुनर्स्थापना र पुनर्बासमा यसले दीगो प्रभाव पार्ने इपानका अध्यक्ष खड्गबहादुर विष्टले बताए। आइएफसीले दिने यस खालको तालिम हरेक वर्ष तीन सत्रमा सञ्चालन हुनेछ।

श्रोतः नागरिक, २०७१/१०/११

## तमोर आयोजनाको आवश्यकता

*पुष्पलाल पोख्रेल*

तमोर नदी ताप्लेजुङको उम्बेक हिमालयबाट उत्पति भएर उत्तर–दक्षिण हुँदै पश्चिम बगेर चतारादेखि ९ किलोमिटर उत्तरमा (बराह क्षेत्रमाथि ) अरुण नदीमा मिल्छ। तमोर अरुणमा मिलेपछि सप्तकोसी बन्छ। तमोर सप्तकोसीको अरुणपछिको े ठूलो सहायक नदी हो। यसको मुख्य पानीको स्रोत कञ्चनजंघा हिमशृङखला हो।

यो नदीको जलाधार क्षेत्र ६ हजार वर्ग किलोमिटर क्षेत्रफलमा विस्तारित छ। यस नदीको पानीको बहाब लगभग ३३० क्युबिक मिटर प्रतिसेकेण्ड छ। यो नदीको पानीको बहावमा मनसुन र सुख्खा समयका बीचमा ठूलो उतारचढाव हुन्छ। अगस्ट महिनामा नौ सय क्युबिक मिटर प्रतिसेकेन्डसम्म हुन्छ भने मार्च महिनामा घटेर ५० क्युबिक मिटरप्रति सेकेन्डमा झर्छ। बहुआयामिक तरिकाले उपयोग गर्ने हो भने पूर्वाञ्चल विकास क्षेत्रमा प्रवाहित नदीमध्ये तमोरलाई उच्च योगदान दिनसक्ने नदी मानिन्छ।

विभिन्न संघ संस्थाले तमोरका विभिन्न स्थानमा ठूला, मझौला र साना जलविद्युत् आयोजनाको अध्ययन गरिरहेका छन्। अध्ययनअनुसार कोशी बेसीन गुरुयोजनामा परेका आयोजनामध्ये जलाशययुक्त तमोर जलविद्युत आयोजना हालसम्मकै ठूलो र सस्तो आकर्षक आयोजनामा पर्छ।

तमोर जलाशययुक्त जलविद्युत आयोजना सन् १९८५ मा जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (जाइका) ले 'कोसी जलाधार क्षेत्रबाट जलस्रोतको उपयोग र विकास सम्बन्धी' सर्वेक्षण अध्ययनबाट छनोट गरेको हो। तमोर जलविद्युत् आयोजनको बाँध निर्माण स्थल छनोट गर्दा सप्तकोसी बहुउदेश्यीय उच्च बाँधलाई असर नपर्ने गरी छानिएको छ। तमोर जलाशययुक्त आयोजना पूर्ण क्षमतामा बनाएमा ७६२ देखि ८०० मेगावाटसम्म विद्युत उत्पादन गर्नसकिने मानिएको छ।

अहिले जलविद्युत् विकासको बहसमा जलाशययुक्त तमोर र नदी प्रवाहमा आधारित काबेली 'ए' चर्चामा छन्। कावेली 'ए' निर्माण भए तमोर नबन्ने देखिन्छ। तमोरले हिउँद तथा मनसुनी दुवै समयमा उत्ति नै परिमाणमा ऊर्जा उत्पादन गर्छ। अर्थात्, यसले सुख्खा यामका लागि 'ब्याकअप' का रूपमा काम गर्छ। काबेली 'ए'ले वर्षा याममा ३७.६ मेगावाट विजुली उत्पादन गरे पनि हिउँदमा लगभग १० मेगावाट जतिमात्र उत्पादन गर्छ।

नेपाल विद्युत् प्राधिकरणले कावेली 'ए'लाई क्षतिपूर्ति दिएर तमोर जलाशययुक्त आयोजनालाई नदीको सम्पूर्ण क्षमताको आधारमा निर्माण गर्ने गुरुयोजना तयार गरिरहेको जानकारीमा आएको छ। तमोर जलाशययुक्त आयोजना बनाइएमा ३७.६ मेगावाटको कावेली आयोजना डुब्छ। काबेली 'ए' नडुबाउने गरी तमोर आयोजना बन्ने संम्भावना नरहेको पूर्वसम्भाव्यता अध्ययनको निर्क्योलपछि प्राधिकरणले कावेली 'ए' लाई क्षतिपूर्ति दिएर तमोर आयोजनालाई अगाडि बढाउन लागेको बताइएको छ।

अर्कोतिर तमोर जलविद्‌युत्‌ आयोजना पूर्ण क्षमतामा मात्र बनाउन सकिने सम्बद्‌ध अधिकारीहरूको भनाइ छ। हाल २०० मेगावाटको निम्ति अनुमति प्राप्त भएको छ। तर यसअनुसार तमोर बन्न सत्तै्कैन। किनभने तमोरको जलाशयको संरचना अंग्रेजी अक्षर 'भि' आकारमा निर्माण हुने हुँदा नदीमा बगेर आउने ढुंगा, बालुवा, चट्‌टानका टुक्रा, माटोको थेग्रयानले ३ वर्षमै जलाशय भरिने र यसपछि यसलाई सफा गर्न कठिनाइ हुने अध्ययनबाट देखिएको छ। तमोरलाई पूर्ण क्षमतामा बनाउँदा यसको जलाशय भरिन ५० वर्षभन्दा बढी लाग्छ। उक्त समयपछि पनि यो आयोजना नदी प्रवाहमा आधारित आयोजनामा परिणत हुनेछ। तमोर बनेमा यसबाट निर्माण हुने जलाशयको उचाइ समुद्र सतहबाट ५५० मिटरभन्दा बढी हुन जान्छ तर बाँधको उचाइ नदीको सतहबाट २१५ मिटर अग्लो हुनेछ। साथै बाँधको चौडाइ ५६५ मिटर हुन्छ। बाँधको उचाइ आर्थिक र प्राविधिक दृष्टिले अत्यन्त प्रभावकारी देखिएको छ। यस आयोजनाले तमोर जलाधार क्षेत्रको वातावरण र पर्याप्रणालीमा पनि नकारात्मक प्रभाव कम पार्छ।

तमोर जलाशययुक्त आयोजना पूर्ण क्षमतामा बनाउँदा लामो समयसम्म सुख्खा याममा समेत ऊर्जा संकट समाधान गर्न सहयोग पुग्नेछ। यसको लागत मूल्य ६ अर्ब २२ करोड अमेरीकी डलर रहेको छ। यो आयोजना आर्थिक र प्राविधिक हिसावले अहिलेसम्मकै आकर्षक र राम्रो देखिएको छ। यसको वार्षिक उत्पादन क्षमता ३ हजार १५१.५ गिगावाट आवर छ। पानीको उच्चतम भण्डारण क्षमता २७ हजार २५० लाख घन मिटर र न्यूनतम भण्डारण क्षमता १९ लाख ००० लाख घन मिटरसम्म रहन्छ। कोसी राजमार्गको मूलघाटबाट करिब ३० किलोमीटरको दूरीमा जलविद्‌युत केन्द्र रहन्छ। आयोजनाको लागि आवश्यक उपकरण तथा निर्माण सामग्री ओसारपसार गर्नसमेत किफायती हुने देखिन्छ। वातावरण जैविक विविधता, पर्याप्रणालीमा न्यून असर पर्ने देखिन्छ। अहिलेसम्मको अध्ययनमा ज्यादै थोरै कृषि भूमिमात्र डुबानमा पर्ने र थोरै घरपरिवारलाई मात्र अन्यत्र स्थानान्तरण गरे पुग्ने देखिन्छ।

यसैले सरकारले तमोर आयोजना निर्माणलाई प्राथमिकता दिनुपर्छ।

श्रोतः अभियान, २०७१/१०/१३

# ऊर्जासङ्कट समाधानका उपाय

**भोला शर्मा**

ऊर्जासङ्कट नेपालको नकारात्मक विशेषता हो । ऊर्जाको माग र आपूर्तिबीच विशाल असन्तुलनका कारण उत्पन्न हुने ऊर्जाको चरम अभावको स्थिति हो– उर्जासङ्कट । ऊर्जासङ्कट प्रथमपटक विसं २०६५ पुस ९ गते २ वर्ष ३ महीनाका लागि र दोस्रोपटक २०६७ चैत्र ९ गते ४ वर्ष ६ महीनाका लागि घोषणा गरिएको थियो । हालको दैनिक झण्डै साढे १० घण्टाको लोडशेडिङले ऊर्जासङ्कटलाई अझ उजागर गरेको छ । हिउँद याममा नदीको जलसतह कम हुँदै जाने क्रमसँगै सदाझैं लोडशेडिङले जनजीवनमा विचलन ल्याउने गरेको छ । प्रचुर सम्भावना हुँदाहुँदै पनि हाम्रो यथास्थितिवादी र नालायक पूर्ण व्यवहारले अँध्यारो समाज निर्माण भएको छ । नेपाली जनता अनपेक्षित रूपमा पछि पर्न गएका छन् । परिवर्तनलाई होइन, विगतलाई निरन्तरता दिन खप्पिस भइसकेको नेपाल सरकारले पुनः लज्जास्पद लोडशेडिङ वृद्धि गर्नेतर्फ आफ्नो अप्रिय कदम चाल्ने सुगा रटाइ प्रवृत्ति अझै पनि कायमै राखेको छ ।

जबजब हिउँदेयाम शुरू हुन्छ तब मात्र लोडशेडिङको बहस चर्किन्छ । ऊर्जासङ्कट कायम रहेको बखत विद्युत्जस्तो संवेदनशील क्षेत्रले जिम्मेवार निकायबाट लगानीका लागि निःसन्देह प्राथमिकता पाउनु पर्ने हो । तर, त्यसो हुन सकिराखेको छैन । ऊर्जासङ्कट पनि आर्थिक सङ्कट, खाद्यसङ्कट, राजनीतिक सङ्कटजस्तै अल्पकालीन मात्र हुनुपर्ने हो । तर, यो सङ्कट निवारणार्थ सरकारी कदमहरू निरीह छन् । दिगो विकासको माध्यम स्वच्छ ऊर्जा हो, जसको प्रमुख आधार जलविद्युत् नै हो । विडम्बना मुलुकको विकास प्रशासन कछुवा गतिमा सञ्चालित छ । त्यसमाथि पनि विद्युत् विकास उपेक्षित छ । यही कारण कैयौं उद्योग बन्द भएका छन् । यो क्रम जारी छ । पर्यटन उद्योग धराशयी बनेको एवम् विद्युतीय शासन धरापमा परेको छ ।

विद्युत् ऊर्जा सर्वाङ्गीण विकासको पूर्वशर्त हो । यसका माध्यमबाट बहुमुखी ऊर्जा प्राप्त गर्न सकिन्छ । त्यसैले त भान्छा प्रशासनदेखि अन्तरराष्ट्रिय र अन्तरिक्ष प्रशासनसम्म यो अपरिहार्य छ । साधारणतया घरायसी खपतका लागि यसको अधिक उपयोग भए पनि पेट्रोलियम पदार्थको विकल्प बनाउन सकिएको छैन । मुलुकमा पटकपटक पेट्रोलियम पदार्थको हाहाकार हुँदा विद्युत् ऊर्जामार्फत मुलुकवासीहरूको तत्कालीन समस्या समाधान गर्न सकिन्छ । यसो गरिएको भए आयातित पेट्रोलियम पदार्थको विशाल खर्चमा हुने स्वदेशी मुद्रा विदेशिन पाउने थिएन । वास्तवमा जलविद्युत्को विकासमा कुनै अमुक निकाय मात्र जिम्मेवार छैन । यो बहुआयामिक प्रयास हो । राजनीतिक प्रतिबद्धता र प्रशासनिक कटिबद्धताबाट विद्युत् विकास सम्भव हुन्छ । तथापि प्रशासनमा राजनीतीकरण र राजनीतिक

प्रशासनीकरणको पछिल्लो समस्याले विद्युत् विकास चेपुवामा परेको छ । खासगरी आयोजना निर्माणमा स्थानीय अवरोध व्यापक छ भने अन्तर निकायगत समन्वय अत्यन्त कमजोर छ । विद्युत् उत्पादन, प्रसारण र वितरण गर्ने निकाय नेपाल विद्युत् प्राधिकरणमा संस्थागत सुशासन कमजोर भएको छ । नेपाल विद्युत् प्राधिकरणको उच्च निकाय सञ्चालक समिति हो । यसले नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ बमोजिम आफ्नो नियमित कार्य स्वतन्त्रता र स्वायत्ततापूर्वक सञ्चालन गर्न सकेको छैन । स्वतन्त्र ऊर्जा उत्पादकहरूले झोलामा खोला ओगट्ने प्रवृत्ति कायमै राखेका छन् । प्राधिकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सन्त्रास वृद्धि भइरहेको छ । उक्त सन्त्रासबाट अपेक्षित कार्यसम्पादन हुन नसकेरै एकथरी जनता विशाल लोडशेडिङको मारमा छन् भने अर्कोथरी जनताले समयमै नयाँँ ग्राहक सेवामा दर्ता हुन सकिरहेका छैनन् ।

वास्तवमा मुलुकमा विद्युत् विकासका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीति अवलम्बन गर्नुपर्छ । अल्पकालीन रणनीतिअन्तर्गत चुहावट (हाल २४ दशमलव ७९ प्रतिशत) नियन्त्रण, डिमाण्ड साइड म्यानेजमेण्ट, विद्युत् आयात, वैकल्पिक ऊर्जाको प्रवद्र्धन र अवलम्बन, मौजुदा जलविद्युत् केन्द्रहरूको गुणस्तरमा सुधार गरी पूर्ण क्षमतामा सञ्चालन, निजी उत्पादक कम्पनीहरूका साना जलविद्युत् आयोजनाहरू तत्काल सम्पन गर्नेजस्ता उपयुक्त कदमहरू अगाडि बढाउनु सान्दर्भिक हुन्छ । त्यसैगरी मध्यकालीन रणनीतिअन्तर्गत निकायगत समन्वयमा बढावा दिने, निर्माणाधीन आयोजनाहरू शीघ्र सम्पन्न गर्ने, जलविद्युत्मा लगानीका लागि सुनिश्चित वातावरण सृजना गर्ने, जलाशय र दौडेको नदी प्रणालीको सन्तुलन गरेर आयोजना कार्यान्वयनमा ल्याउने काम गर्नुपर्छ । त्यसैगरी निर्माणाधीन मौजुदा राष्ट्रिय गौरवका जलविद्युत् आयोजनाहरू तदारुकताका साथ सम्पन्न गर्नु उत्तम हुन्छ ।

अबको आवश्यकता यहाँ नीति, नेता र नाराको होइन, वैज्ञानिक अनि वैधानिक व्यवहारको हो । विगतमा अरुण तेस्रो आउन दिएको भए आज यो परिस्थिति आउने थियो त ? त्यसो भए अझै किन हामी अरुण तेस्रो, पञ्चेश्वर, माथिल्लो कर्णालीजस्ता ठूला र बहुउद्देश्यीय आयोजना ल्याउन यथास्थितिवादलाई अँगाल्छौं र भारतलाई मात्र गाली गर्छौं त ? हामीसँग ऊर्जा उत्पादनका लागि अपरिहार्य पूर्वाधार पानी र पैसा प्रशस्तै छ । अब खाँचो खुला मन र वातावरणको हो । तसर्थ विद्युत् विकासमा अरू आदर्श कुरा गरी विगतका व्यर्थतालाई निरन्तरता दिनु भन्दा प्रस्तावित जलविद्युत् आयोजनालाई निर्माणाधीन चरणमा पु¥याउनु र निर्माणाधीन आयोजनाहरूलाई शीघ्र सम्पन्न गर्नु अपरिहार्य छ । त्यसका लागि नीतिगत रूपमा विद्युत्सम्बन्धी कानूनहरू संशोधनसहित क्रियाशील गराउने, संस्थागत रूपमा ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् विकास विभाग, जल तथा ऊर्जा आयोग, जलविद्युत् विकास तथा लगानी कम्पनीलाई समन्वयकारी ढङ्गले क्रियाशील गराउने, व्यवस्थापकीय रूपमा आर्थिक, भौतिक तथा मानवीय स्रोतसाधनलाई जलविद्युत् क्षेत्रमा उचित संयोजन गर्नु बेस हुन्छ ।

*लेखक नेपाल विद्युत् प्राधिकरण  विद्युत् व्यापार विभागका प्रशासकीय अधिकृत हुन् ।*

श्रोतः अभियान, २०७१/१०/१३

# विद्युत् प्राधिकरण खारेज कहिले ?

सानिमा ग्रूपले इलामको माईखोलामा निर्माण गरेको सानिमामाई जलविद्युत् आयोजना सम्पन्न भइसक्दासमेत नेपाल विद्युत् प्राधिकरणले प्रसारण लाइन निर्माण नगरिदि“दा राष्ट्रिय प्रसारण लाइनसँग जोडिएको छैन । त्यसैले आयोजनाले उत्पादन गरेको २२ मेगावाट बिजुली गइरहेको छ, जसबाट अहिले भइरहेको लोडशेडिङलाई आधा घण्टा कम गर्न सकिन्छ । भोटेकोशी जलविद्युत् आयोजनाको विद्युत् प्रसारणलाइनमा नजोडिँदा लोडशेडिङ थप्नुपरेको प्राधिकरणले बनाएको थियो, जुन अहिले जोडिइसकेको छ । यी केही उदाहरण हुन्, जसले गर्दा बिजुली भएर पनि लोडशेडिङको मार खप्नु परेको प्रमाणित गर्छन् । तर, नेपाल विद्युत् प्राधिकरण नामको संस्थाको कालोबजारी र अकर्मण्यताका कारण नेपाली जनताले दैनिक १२ घण्टा लोडशेडिङ खेप्नुपरेको छ । त्यसैले तत्काल प्राधिकरणलाई खारेज गरी विद्युत् उत्पादन, वितरण र प्रसारण लाइन हेर्ने अलगअलग संरचना बनाउन आवश्यक छ । तर, अहिले प्राधिकरणस“ग विद्युत् भएर पनि नदिएको जुन अवस्था छ, त्यसलाई अन्त्य गर्न न्यायिक निरूपणको बाटो लिनु उपयुक्त हुन्छ ।

हिउ“दको समयमा उत्पादन अपुग भएकाले माग र आपूर्तिको सन्तुलन मिलाउन लोडशेडिङ गर्नुपर्ने बाध्यता केही मात्रामा सही हो । तर, प्राधिकरणले माग र आपूर्तिको विश्लेषण गरी आपूर्तिका उपायबारे समयमै योजना नबनाउँदा बढी समस्या भएको हो । बाढीबाट प्रभावित भोटेकोशीबाट बिजुली उत्पादन नभएकाले लोडशेडिङ बढाउनु परेको दाबी गर्ने प्राधिकरण बिजुली उत्पादन हुँदा पनि लोडशेडिङ झनै बढाइरहेको छ । यसबाट प्राधिकरण आफ्ना कमजोरी ढाकछोप गर्न झुँट बोल्दै छ भन्ने प्रमाणित हुन्छ । लोडशेडिङका कारण उत्पादन र प्रसारण लाइन बन्न नसक्नु नै हो । तर, कति बिजुली उत्पादन हुँदै छ, त्यसलाई कसरी केन्द्रीय प्रसारण लाइनसँग जोड्ने र ग्राहकसमक्ष पु¥याउने भन्ने खासै योजना प्राधिकरणस“ग नभएको जस्तो देखिन्छ । त्यसैले विद्युत् उत्पादनका अनुमति दिए पनि प्रसारण लाइन बनाउन पर्याप्त चासो नदिएको जस्तो देखिन्छ । यदि प्रसारण लाइन निर्माणको गति यस्तै रहिरहने हो भने माथिल्लो तामाकोशीको बिजुली नै खेर जान सक्ने देखिन्छ ।

हुन त प्रसारण लाइन नबन्नुमा जग्गाप्राप्तिको बाटो गाह्रो भएकाले हो । तर, स्थानीयको चासोलाई कसरी सम्बोधन गर्न सकिन्छ र उनीहरुलाई जग्गाप्राप्तिमा सहयोगी बनाउन सकिन्छ भन्ने प्राधिकरणले कहिल्यै सोचेन । प्रसारण लाइन नबन्दा एकातिर प्राधिकरणले बिजुली बेच्न पाएको छैन भने अर्कातिर उत्पादकहरू बिजुली खेर जाँदा घाटा खाइरहेका छन् । जति उत्पादकहरूलाई नाफा हुन्छ, त्यति नै रकम प्राधिकरणलाई पनि फाइदा हुन्छ । यस्तो अवस्थामा जनता अँधेरोमा बस्न परेको मात्र होइन, प्राधिकरण आफैलाई पनि घाटा भइरहेको छ । त्यसैले प्रसारण लाइन निर्माणको काम निजीक्षेत्रलाई दिनुपर्छ । यसका

लागि निजीक्षेत्र तयार समेत छ ।

नेपालका अधिकांश जलविद्युत् आयोजनाहरू ‘रन अफ दि रिभर’ प्रणालीमा बनेका छन् । यस्ता आयोजनामा वर्षामा पानीको मात्रा धेरै नै बढ्ने भएकाले बढी उत्पादन हुने र हिउ“दामा कम उत्पादन गर्नुपर्ने बाध्यता छ । तर, कतिपय आयोजनाले बर्खा याममा पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न पाएका छैनन् । प्रसारण लाइन अभावकै कारण वर्षायाममा काली गण्डकी ए ले ४० मेगावाट बिजुली उत्पादन कटौती गर्ने गरेको छ । त्यस्तै प्रसारण लाइनको अभावकै कारण मर्स्याङ्दी र मध्यमर्स्याङ्दीले पनि उत्पादन कटौती गरेका छन् । प्रसारण लाइनका लागि पर्याप्त बजेट नभएको प्राधिकरणको गुनासो रहिआएको भए पनि यसपटक भने १३ अर्ब रुपैया“ विनियोजन गरिएको छ । तर पनि जग्गाप्राप्ति गर्न प्राधिकरण असफल भइरहेको छ । प्राधिकरण उत्पादन र व्यापारमा पनि असफल देखिएको छ । त्यसैले प्राधिकरण विघटन गर्नैपर्छ । यदि यसो गर्न सकिएन र प्रसारण लाइन निर्माणलाई तीव्र पार्न सकिएन भने सन् २०१७÷१८ पछि प्रशस्त बिजुली खेर जाने देखिन्छ ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७१/१०/१४

विकास थापा

विद्युत् प्राधिकरणअन्तर्गत जलविद्युत् आयोजना, वितरण प्रणाली सुदृढीकरण, ग्रामीण विद्युतीकरणलगायतका ठेक्कापट्टामा मन्त्रीदेखि कर्मचारीसम्मको मिलेमतोमा अनियमितता हुने गरेका कृत्यलाई सामान्य रूपमा लिइन्छ।

अहिलेसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जलविद्युत् आयोजना निर्माणका क्रममा भएका अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापको न अनुसन्धान गरेको छ, न त चासो नै राखेको छ।

त्यही भएर आयोजना प्रमुखमा नियुक्ति पाउनका लागि ऊर्जामन्त्रीलाई करोडौं रुपैयाँ बुझाउन पनि उनीहरू तयार हुन्छन् र त्यसपछि ठेकेदार र परामर्शदातासित मिलेर आयोजनाको लागत र अवधि बढाएर बुझाएको भन्दा दोब्बर-तेब्बर रकम उठाउँछन्।

यो विषय पनि सामान्य नै हो र यसलाई पनि सबैजसोले स्वीकार गरेको अवस्था हो- मह काढ्नेले हात चाट्छ । आयोजना लथालिंग अवस्थामा पुग्दा पनि त्यसलाई सुधार्नेतर्फ न प्राधिकरण अध्यक्ष अर्थात् ऊर्जामन्त्रीको ध्यान जान्छ, न त सञ्चालक समितिका सदस्यले चासो राख्ने गर्छन्।

बरु आयोजनाको लागत बढाएको, अवधि तन्काएको र प्राधिकरणलाई सक्दो घाटा पारेका आयोजना प्रमुखलाई प्राधिकरणका उपल्लो तहका जिम्मेवार पदाधिकारीले पूरा नम्बर दिएर बढुवा गर्न सिफारिस गर्छन्। यस्तो सिफारिसलाई बोर्डले सहजै स्वीकृत गरिदिन्छ।

त्यही भएर कुलेखानी तेस्रो जस्ता आयोजनाको वर्षको झन्डै एक अर्बका दरले लागत बढिरहँदा पनि यसका हाकिमको बढुवा हुन्छ। अन्य आयोजनाको अवस्था पनि कुलेखानी तेस्रोको भन्दा पृथक् छैन।
आयोजना भनेकै कमाउ अड्डा हो भन्ने प्राधिकरणका कर्मचारी वृत्तमा व्यापक छ। आयोजना प्रमुख सरुवा गर्दा वा आयोजनामा अन्य कर्मचारी पठाउँदा कर्मचारी युनियन, प्रभावशाली हाकिम र विचौलियाहरूले कमिसन हात पार्ने गरेको चर्चा पनि सामान्य भइसकेको छ।

अब हुँदाहुँदा लोडसेडिङमा पनि भ्रष्टाचार हुँदो रहेछ भन्ने पछिल्ला एकाध उदाहरणले पुष्टि गरेको छ।

प्राधिकरणले अल्पअवधिमा कुनै उल्लेखनीय प्रगति गर्न सक्दैन। नयाँ ऊर्जामन्त्री, नयाँ बोर्ड र नयाँ कार्यकारी निर्देशकले तत्काल नयाँ आयोजना निर्माण गरेर देशलाई लोडसेडिङमुक्त पार्न सक्दैनन्।

तर उनीहरूले छोटो अवधिमा गर्नसक्ने एउटै कुरो हो-चुहावट नियन्त्रण। प्राधिकरणको प्रणालीमा अहिले पनि करिब २७ प्रतिशतको हाराहारीमा विद्युत् चुहावट छ। यो चुहावट घटाएर उसले २५ प्रतिशत देखाएको

छ, जुन सत्य होइन। यो चुहावटमध्ये प्राविधिक चुहावट आधा माने पनि बाँकी आधा गैरप्राविधिक अर्थात् चोरी हो। यो चोरी नियन्त्रण गर्न सकिन्छ।

बिजुली चोर्ने आमउपभोक्तालाई प्राधिकरणले सुरक्षाका कारण देखाएर कारबाही गर्न असमर्थ छ। होटेल र ठूला उद्योगमा हुने चोरीलाई उसले नियन्त्रण गर्न सक्छ, तर गर्दैन।

किनभने क्षेत्रीय प्रमुख र वितरण केन्द्र प्रमुखको काम चुहावट नियन्त्रण गर्नु हो, सरुवा हुँदा मन्त्री र कर्मचारी युनियनलाई बुझाएको पैसा उठाएर थप 'नाफा' कमाउनु हो। अहिले लोडसेडिङका कारण उद्योगहरू निश्चय नै मारमा परेका छन्।

उनीहरूले ४० रुपैयाँ प्रतियुनिट पर्ने डिजेल प्लान्ट चलाएर आफ्नो उद्योग चलाइरहेका छन्। उनीहरूले प्राधिकरणका हाकिमलाई केही रकम घुस दिएर खुसी पारी चौबीसै घन्टा प्रतियुनिट झन्डै नौ रुपैयाँमा अनवरत बिजुली आउँछ भने किन डिजेल प्लान्ट चलाइराख्ने? हेर्दा सामान्यजस्तो देखिने यो प्रकरणमा एउटा उद्योगले मासिक लाखौं रुपैयाँ जोगाइराखेको हुन्छ।

त्यही जोगिनेबाट अलिकति प्राधिकरणका कर्मचारीलाई दिँदा उनीहरूलाई केही फरक पर्दैन। अधिकांश औद्योगिक कोरिडरमा पैसा खुवाउने उद्योगले अहिले पनि चौबीसै घन्टा बिजुली पाइरहेका छन्, सबस्टेसन नै ती उद्योगको कम्पाउन्डभित्र रहने गरी।

**जहाँ कर्मचारी युनियनले पैसा खाएर गरेको सिफारिसका आधारमा कर्मचारी सरुवा हुने परिपाटी छ, त्यो रहेसम्म चुहावट नियन्त्रण होला भनेर कल्पना गर्न सकिन्न।**

प्राधिकरणले चाहेको बेला लाइन काट्न नसक्ने, चाहेको बेला लोडसेडिङ गर्न नसक्ने गरी उद्योगलाई यस्तो सुविधा दिनुको सिधा अर्थ हो भ्रष्टाचार। प्राधिकरण कार्यकारी निर्देशक जस्तो उपल्लो तहमा बसेका व्यक्तिले समेत उद्योगलाई चौबीसै घन्टा बिजुली दिने (त्यो पनि सबस्टेसन उसकै आँगनभित्र राख्ने गरी) एकल निर्णय गर्छ भने अन्य तहका कर्मचारीले किन नगर्ने भन्दै निरन्तरता दिँदै आएका छन्।

अहिले प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्ले उद्योगहरूमा भइरहेका बिजुली आपूर्ति, चुहावट अनुगमन गर्न प्रत्यक्ष आफैं उपस्थित हुँदै विभिन्न औद्योगिक कोरिडर भ्रमणमा निक्लेका छन्। उनले गर्नुपर्ने सुधारै यही हो।

प्राधिकरणले कुल चुहावटमध्ये १० प्रतिशत मात्र व्यापारिक तथा औद्योगिक क्षेत्रको चुहावट नियन्त्रण गर्ने हो भने प्राधिकरणको आयस्ता वृद्धि भई क्रमश: घाटा कम हुँदै जान्छ।

भक्तपुर जस्तो नगर क्षेत्रमै हुकिङ गर्ने, भित्रभित्र मिटर ट्याम्परिङ गर्ने कार्य नियन्त्रण गर्न प्राधिकरण पूर्णत: असफल भइरहेका बेला कार्यकारी निर्देशक आफैं हिँडेपछि त्यसको सन्देश तल्लो तहसम्म जान्छ।

शनिबार मात्रै उनले हेटौंडाका तीनवटा उद्योगले अनियमित तवरले लिइरहेको बिजुलीलाई लोडसेडिङको दायरामा ल्याए। अझ त्रिवेणी स्पिनिङ मिल्सले लोडसेडिङ नै नहुने गरी चौबीसै घन्टा बिजुली लिइरहेको देखेपछि काफ्लेले लाइनै काटिदिएका छन्।

यी त केही प्रतिनिधिमूलक घटना मात्र हुन्। विराटनगर, वीरगन्ज, भैरहवा, पोखरा र नेपालगन्ज जस्ता औद्योगिक क्षेत्रमा यसरी अनियमित बिजुली लिनेको संख्या धेरै छ। अझ त्यसमा पनि टीओडी मिटर छल्ने, मिटरै घुम्न नदिएर चुहावट गर्नेको जमात पनि ठूलै छ।

जलविद्युत् उत्पादन लागत त्यसै पनि उच्च भइरहेको प्राधिकरणले उत्पादित बिजुली चुहावट हुँदा घाटा नभएर नाफा हुने कुरो हुँदैन। काफ्लेको यो प्रयासले निरन्तरता पाइरहने हो र उनले माथिल्लो तहबाट आउने दबाब थेग्न सक्ने हो भने तीन महिनाभित्रै प्राधिकरणको आय वृद्धि हुनेछ।

निश्चय पनि, उद्योगपतिहरूको सम्बन्ध माथिल्लो तहसम्म हुन्छ। कुनै गल्ती गरे वा अनियमित गरे पनि राजनीतिक संरक्षणका कारण प्राधिकरण निरीह मात्र हुँदैन, उल्टै कर्मचारीको जागिरसमेत तलमाथि पर्ने गर्छ।

यस्तो उल्टो अवस्था भएकैले प्राधिकरणका कतिपय इमानदार इन्जिनियरहरू पनि नियन्त्रण गरेर जोखिम लिनुभन्दा उल्टो उद्योगलाई बिजुली चोरायो भने पैसा आउँछ भन्ने मानसिकतामा परेका छन्।

यसले गर्दा उनीहरू बिजुली चोराउन प्रोत्साहित हुने गर्छन्। जसले बिजुली चोराउन मद्दत गरेको त्यस्तालाई कारबाही गर्नुको साटो नियन्त्रण गर्नेलाई कारबाही गर्ने राजनीतिक परिपाटीका कारण प्राधिकरण अस्तव्यस्त हुन पुगेको हो।

बिजुली चोरी जघन्य सामाजिक अपराध हो। विद्युत् चुहावट नियन्त्रण ऐनले बिजुली चोरलाई फौजदारी अभियोगमा मुद्दा दायर गर्न सक्छ। तर यो ऐन कार्यान्वयन गर्न प्राधिकरण असमर्थ छ। यस्तो अपराधमा दलका नेताले संरक्षण गर्नु मुलुकप्रति बेइमानी गर्नु हो।

चोरी नियन्त्रण गरिरहेका प्राधिकरणका केही कर्मचारीमाथि कुनै दलका नेताले धावा बोलेमा तिनलाई सार्वजनिक गरी जनतासामु नंग्याउनुपर्छ। कतिपय ठाउँमा ऊर्जामन्त्री आफैंले 'कारबाही नगर्न' प्राधिकरणका कर्मचारीलाई उर्दी लगाउने गर्छन्।

देवीप्रसाद बाँस्तोला प्राधिकरणको कार्यकारी निर्देशक हुँदा उनले पैसा नतिर्ने ग्राहकको लाइन काट्न पाउने ऐनले दिएको अधिकार प्रयोग गरे- मन्त्री निवासबाटै। तर तत्कालीन जलस्रोतमन्त्री गोविन्दराज जोशीले बाँस्तोलालाई बर्खास्त गरिदिए।

प्राधिकरणले चुहावट नियन्त्रण गर्न नसक्नुमा यस्ता कृत्य पनि कम जिम्मेवार छैनन्। अर्कोतर्फ, वितरण केन्द्र प्रमुख र क्षेत्रीय निर्देशकको कार्य सम्पादन मूल्यांकनको मुख्य आधारै चुहावट नियन्त्रणलाई लिने हो भने एउटा गतिलो परम्परा स्थापित हुनेछ।

तर यसका लागि फेरि पनि उही चाहिन्छ मन्त्रीको इमानदारी। जहाँ कर्मचारी युनियनले पैसा खाएर गरेको सिफारिसका आधारमा कर्मचारी सरुवा हुने परिपाटी छ, त्यो रहेसम्म चुहावट नियन्त्रण होला भनेर कल्पना गर्न सकिन्न।

अहिले प्राधिकरणका कार्यकारी निर्देशकलाई उनका कर्मचारीले कति साथ दिनेछन्, त्यो हेर्न बाँकी छ। हिजो दीपेन्द्रनाथ शर्माजस्ता इमानदार कार्यकारी निर्देशक यिनै कर्मचारीको असहयोगका कारण बाध्य भएर छोडनुपरेको थियो।

अहिले काफ्लेले प्राधिकरणको प्रमुख समस्यामध्येको एक चुहावट नियन्त्रणलाई आफ्नो अभियान बनाएकाले उनीबाट केही आशा गर्न सकिन्छ। उनको यो कदमलाई साथ दिनु प्रत्येक दलको पनि नैतिक जिम्मेवारी हो।

दलकै आडमा बिजुली चोरहरूको मनोबल बढिरहेका बेला त्यसलाई निरुत्साहित गर्न दलको ठूलो सहयोग रहन सक्छ। होइन भने कुल उत्पादित बिजुलीमध्ये दुई सय ८८ मेगावाट चुहावट भइरहेको छ।

यसमध्ये आधा अर्थात् अप्राविधिक चुहावट (चोरी) मात्रै सिंगो कालीगण्डकी एले उत्पादन गर्ने बिजुली बराबर छ।

श्रोतः राजधानि दैनिक, २०७१/१०/१३

# राहुघाटको ठेकेदार कम्पनीले हाल्यो प्राधिकरणविरुद्ध मुद्दा

नेपाल विद्युत् प्राधिकरणले ३२ मेगावाटको राहुघाट जलविद्युत् आयोजनाको ठेकेदार कम्पनीको ठेक्का सम्झौता तोड्ने प्रक्रिया अघि बढाएपछि त्यसविरुद्ध पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरेको छ ।

समस्याग्रस्त अवस्थामा पुगेको उक्त आयोजना निर्माणमा ढिलाइ गरेको भन्दै ठेकेदार आईभीआरसीएल लिमिटेडसँग सम्झौता तोड्ने प्रक्रिया अघि बढाएपछि प्राधिकरणविरुद्ध मुद्दा गरेको हो । २२ डिसेम्बर अर्थात गत ७ पुसमा एक महिनाभित्र ९१ मिटर अडिट तीनअन्तर्गतको सुरुङ पूरा नगरे ठेक्का सम्झौता तोड्ने प्राधिकरणले कम्पनीलाई सूचना दिएको थियो । प्राधिकरणले ठेक्का सम्झौता तोड्ने प्रक्रिया अघि बढाएपछि ठेकेदार कम्पनीले आफूलाई जोगाउन प्रधानमन्त्री र ऊर्जामन्त्रीलाई समेत गुहारेको थियो ।

आयोजना प्रमुख विकासमान डंगोलले ठेकेदार कम्पनीले मुद्दा दायर गरेको र यसबारे प्राधिकरणको कानुन विभागको रायअनुसार अघि बढ्ने बताए । 'मुद्दा दायर गरिसकेकाले अब कानुन विभागले के गर्छ भन्ने आधारमा प्रक्रिया अघि बढ्छ,' उनले भने । मुद्दा दायरपछि अदालतले सोबारे १८ माघमा सुनुवाइ गर्न लागेको छ । आयोजनाको मुख्य सिभिल निर्माण कार्यका लागि भारतीय कम्पनी आईभीआरसीएल लिमिटेडस“ग ४ नोभेम्बर २०१० मा सम्झौता भएको थियो भने भारतीय परामर्शदाताको रूपमा बापकोस लिमिटेडस“ग २० फेब्रुअरी २०१२ मा ठेक्का सम्झौता भएको थियो । त्यो सम्झौता कार्यान्वयन गर्न एक्जिम बंैकले सहमति दिनुपर्नेमा ढिलाइ गरेको भन्दै कम्पनीले काममा ढिलाइ भएको दाबी गर्दै आएको छ । २२ महिनाअघि मात्र कम्पनीले सिभिल कार्य अघि बढाएको थियो । पौने ३ अर्ब रुपैयाँमा ठेक्का पाएको कम्पनीले यसअघि परामर्शदाता नियुक्तिमा ढिलाइ गरेको भन्दै सम्झौताभन्दा थप ५० प्रतिशत रकम मागेर काममा ढिलाइ गरेको थियो । राहुघाटको अनुमानित लागत ६ अर्ब ७० करोड छ ।

**साढे ११ सय विद्युत् लाइन काटिए**

विद्युत् प्राधिकरणले सञ्चालन गरेको विद्युत् महसुल नतिर्ने ग्राहकको लाइन काट्ने सप्ताहअन्तर्गत दुई दिनमै ११ सय ५४ ग्राहकको लाइन काटिएको छ । प्राधिकरण ग्राहक तथा वितरण निर्देशनालयका उपकार्यकारी निर्देशक रामचन्द्र पाण्डेका अनुसार काटिएका लाइनबाट २ करोड ९४ लाख रुपैयाँ बक्यौता उठ्नुपर्नेमा ५१ लाख ५५ हजार रुपैयाँ मात्र उठेको छ ।

प्राधिकरणका अनुसार आठ क्षेत्रीय कार्यालयअन्तर्गत विराटनगरले २ सय ७८, जनकपुरले १ सय ४७, हेटांैडाले १ सय ३५, काठमाडौंले ६७, पोखराले ५५, बुटबलले २ सय ९१, नेपालगन्जले १ सय ३५ र अत्तरिया क्षेत्रीय कार्यालयले ४६ जना ग्राहकको लाइन काटेको छ ।

तीन महिनासम्म बिजुलीको महसुल नतिर्ने तथा ५ हजारभन्दा बढी महसुल नाघेका तथा लामो समयदेखि बिजुलीको महसुल नतिरेका ग्राहकको लाइन काट्ने योनजा प्राधिकरणको छ । घरेलुसहित २७ लाख १८ हजार ग्राहक रहेको प्राधिकरणमा बक्यौता मात्र ८ अर्ब रुपैयाँ रहेक

श्रोतः  कान्तिपुर,  २०७१/१०/१३

## राहुघाटका ठेकेदार अदालतमा

राहुघाट जलविद्युत् आयोजनाको सिभिल ठेकेदार आईभीआरसीएल लिमिटेड विद्युत् प्राधिकरण विरुद्ध अदालत गएको छ । ठेक्का सम्झौता खारेज गर्ने तयारीस्वरूप प्राधिकरणले ३० दिने म्याद दिएर 'नोटिस टु करेक्सन' पठाएपछि त्यसलाई रोक्न आईभीआरसीएल पुनरावेदन अदालत गएको हो ।

'आईभीआरसीएल शुक्रबार अदालत गयो,' प्राधिकरण स्रोतले भन्यो, 'अदालतबाट आइतबार प्राधिकरणका नाममा कारण देखाऊ आदेश जारी भएको छ । आउने आइतबार पेसी छ ।' मुद्दा अदालतमा विचाराधीन भएका बेला ठेक्का खारेज गर्न नमिल्ने भएकाले त्यसको फाइदा उठाउन ठेकेदार अदालत गएको प्राधिकरणको बुझाइ छ ।

आर्थिक अभावका कारण आईभीआरसीएलले ठेक्का सम्झौताअनुसार कार्य प्रगति गर्न नसकेपछि प्राधिकरणले नोटिस टु करेक्सन पठाएर स्पष्टीकरण लिएको हो । आईभीआरसीएलले गत सोमबार प्राधिकरणमा लिखत स्पष्टीकरण दिएको छ । तर स्पष्टीकरण सन्तोषजनक नहुने निश्चित भएपछि आईभीआरसीएल शुक्रबार अदालत गएको हो । स्पष्टिकरण पेस गर्ने म्याद त्यसको अघिल्लो दिन बिहीबार सकिएको हो । आईभीआरसीएल अदालत गएको प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले पुष्टि गरे । 'आईभीआरसीएल अदालत गएको भन्ने जानकारी आएको छ,' उनले भने । उनले आईभीआरसीएलको जवाफ सन्तोषजनक नआए ठेक्का सम्झौताको सर्तअनुसार व्यवहार गर्ने बताउँदै आएका छन् । त्यो भनेको ठेक्का सम्झौता खारेज गर्नु हो ।

ठेक्का सम्झौताअनुसार आईभीआरसीएलले ३२ मेगावाटको राहुघाटको ३ नम्बरको अडिट टनेल ९२ मिटर खनिसकेको हुनुपर्छ । स्पष्टीकरणमा आईभीआरसीएलले उक्त काम सकेको देखाउन नसके सर्तअनुसार प्राधिकरणले ठेक्का सम्झौता खारेज गर्न प्रक्रिया सुरु गर्न सक्छ । उक्त प्रक्रिया रोक्न आईभीआरसीएल अदालत गएको हो । ऋण लगानीकर्ता भारतीय एक्जिम बैंकले प्राधिकरण राहुघाट जलविद्युत् आयोजनामा सम्झौताअनुसार काम गर्न स्वतन्त्र रहेको जनाएको अवस्थामा आईभीआरसीएलका लागि ठेक्का सम्झौता कायम राख्ने अन्तिम विकल्प अदालत हो । आफ्नो ऋण लगानीमा नेपालमा निर्माणाधीन आयोजनाको समीक्षा गर्न करिब २ साताअघि भारतमा एक्जिम बैंकले नेपाली प्रतिनिधिलाई बोलाएर छलफल गरेको थियो । उक्त छलफलका लागि आईभीआरसीएलले एक्जिम बैंकलाई अनुरोध गरेको थियो ।

करिब अढाई महिनाअघि आईभीआरसीएलले सिमेन्टलगायत निर्माण सामग्री र उपकरण खरिद गर्न नसके काम गर्ने सुनौलो मौका गुमाउने भन्दै प्राधिकरणसँग ९ करोड २० लाख रुपैयाँ मागेको थियो । पत्रमा आईभीआरसीएलले कम्पनीलाई टाट पल्टिनबाट जोगाउन 'कर्पोरेट डेब्ट रिस्टक्चरिङ' प्रक्रियामा गएको उल्लेख गरेको र अर्बौं रुपैयाँको ठेक्कामा ९ करोड २० लाख रुपैयाँसमेत जुटाउन नसकेर काम रोकिने अवस्थामा पुगेको स्पष्ट उल्लेख गरेपछि प्राधिकरण ठेक्का सम्झौता नै खारेज गर्ने मानसिकतामा पुगेको थियो ।

प्राधिकरणले ठेक्का सम्झौता तोड्ने प्रक्रिया सुरु गरेपछि त्यसलाई रोक्न आईभीआसीएल सक्रिय भएको थियो । आईभीआरसीएलले राहुघाटका सम्बन्धमा कुरा गर्न प्रधानमन्त्री सुशील कोइरालाको समय मिलाइदिन प्राधिकरणलाई औपचारिक रूपमै पत्रसमेत लेखेको थियो भने ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीलाई समेत प्रभावमा लिन लबिङ गरेको थियो । त्यस्तै आईभीआरसीएलले परामर्शदाता वाप्कोस लिमिटेडले कन्स्ट्रक्सन ड्र्इङ उपलब्ध नगराएको लगायत कारणले काम गर्न नसकेको भन्दै एक्जिम बैंकमा पनि पत्राचार गरेको थियो ।

श्रोतः अभियान, २०७१/१०/१३

**सिन्धुपाल्चोक जिल्लामा मात्रै ३३ आयोजना खारेज**

माघ १३, चौतारा । झोलामा खोला ओगट्ने उद्देश्यले सिन्धुपाल्चोक जिल्लामा ३३ स्थानमा जलविद्युत् उत्पादनका लागि परेका निवेदनहरु रद्द गरिएका छन् ।

जिल्लाका विभिन्न नदीनालाबाट १ सयदेखि एक हजार किलोवाटसम्म विद्युत् उत्पादनका लागि परेका निवेदन प्रक्रिया नपुगेपछि विद्युत् विकास विभागले हालै खारेज गरेको हो ।

यसरी खारेजीमा परेका देशभरका कुल १ सय ७८ आयोजना रहेका छन् । जिल्लामा खारेजीमा परेका योजनाहरुमा जलविद्युत्को विषयमा सामान्य अनुभवसमेत नभएका र लगानी जुटाउनसमेत हम्मे पर्नेखालका देखिएका छन् ।

विगतका वर्षमा जिल्लाका विभिन्न नदीनाला ओगटेर बस्नेको सङ्ख्या ठूलै रहेको छ । विद्युत् उत्पादन गर्ने उद्देश्यभन्दा पनि पहुँचवाला र उनीहरुको अफन्तले लाइसेन्स लिई ओगटेर बसेका प्रशस्त उदाहरण छन् ।

कतिपयले रू. ६० लाखदेखि रू. एक करोडसम्ममा अन्यलाई बिक्री गरेको समेत पाइएको छ । पूजा चन्दको नाममा रहेको एक मेगावाटको हाँडीखोला र अमृत खड्काको नाममा रहेको २.५ मेगावाटको लिपिङखोला आयोजना अन्यलाई बिक्री गरेका थिए ।

करीब डेढ दशकअघि अनुमति प्राप्त २० मेगावाटको तल्लो वलेफी आयोजना लामो समयसम्म लगानी जुटाउन नसकी ओगटेरमात्र राखेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केही समय अघि खारेजी गरेको थियो ।

जिल्लाको भोटेकोसी, सुनकोसी, वलेफी र इन्द्रावती करिडोरबाट १ हजार ५ सय मेगावाट विद्युत् उत्पादन हुने सर्वेक्षणले देखाएको छ । सोमध्ये हाल जिल्लाबाट ६८ मेगावाट विद्युत् उत्पादन भएको छ भने २२.२ मेगावाटको तल्लो चाकुखोला 'ए' आयोजना अन्तिम चरणमा पुगेको छ ।

त्यस्तै, सानाठूला गरी करिब आधा दर्जन आयोजना पनि निर्माणको चरणमा रहेको बताइएको छ । रासस

श्रोतः नागरिक, २०७१/१०/१४

## बुटको विकल्पमा अर्को नीतिको तयारी

लक्ष्मण वियोगी

जलविद्युत तथा ठूला पूर्वाधार आयोजना निर्माणमा सरकार र निजी क्षेत्रको भूमिका स्पष्ट पार्दै लगानीको क्षेत्र विस्तार गर्न सरकारले नयाँ नीतिको तयारी गरेको छ। आयोजना बनाएर निश्चित अवधिसम्म सञ्चालन गरी सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रावधान समेटेको बुट ऐनका आधारमा काम गर्न अप्ठेरो भएकाले यसलाई विस्थापित गरी नयाँ नीति ल्याउन लागिएको हो।

सडक, विमानस्थल फास्ट ट्र्याकजस्ता ठूला आयोजना बनाउन सरकारी लगानी अपुग हुने, निजी क्षेत्रसँग साझेदारीमा बनाउन स्पष्ट कानुन नभएकाले सार्वजनिक–निजी साझेदारी नीति तर्जुमा गरिएको छ।
बुट ऐनअनुसार निजी क्षेत्रलाई आयोजना बनाउन दिँदा सरकार र निजी क्षेत्रको भूमिका स्पष्ट नहुँदा सञ्चालन तथा हस्तान्तरणसम्मका धेरै विषयमा विवाद हुने गरेकाले नयाँ नीति ल्याउन लागिएको राष्ट्रिय योजना आयोगका सदस्य स्वर्णिम वाग्लेले बताए। जलविद्युत तथा पूर्वाधार आयोजना निर्माणमा सरकार र निजी क्षेत्रको भूमिका किटान गर्दै आयोजना निर्माणलाई अझ प्रतिस्पर्धी बनाउन सरकारले 'सार्वजनिक–निजी साझेदारी (पिपिपी) नीति, २०७१' मस्यौदा तयार पारेको छ।
भारतको डेलोइट कम्पनीको परामर्शमा आयोग र अर्थ मन्त्रालयले नीतिको मस्यौदा तयार पारेका छन्। एसियाली विकास बैंक (एडिबी) को पाँच करोड अमेरिकी डलर अनुदानमा पुँजी बजार सुदृढीकरण र पिपिपी ऐनसमेत समेटेर नीति ल्याउन लागिएको हो। दुई वर्षअघि सुरु नीतिको मस्यौदालाई परामर्शदाताको सहयोगमा मन्त्रालयले बल्ल अन्तिम रुप दिएको छ।
'निजी क्षेत्रलाई आयोजना बनाउन दिने तर त्यसमा सरकारको भूमिका के हुने र बनाउँदा कसरी सहजीकरण गरिदिने भन्ने विषय बुट ऐनमा छैन,' वाग्लेले मंगलबार नागरिकसँग भने, 'यस ऐनमा जग्गा अधिग्रहणदेखि स्थानीय समस्या समाधान गर्ने जिम्मा निजी क्षेत्रलाई दिइएको छ, यसले समस्या समाधान हुँदैन।' बुट ऐनमा आयोजना छनोट, प्रतिस्पर्धाको प्रक्रिया र अनुमतिपत्र दिने प्रक्रियासमेत अस्पष्ट भएकाले यसको ठाउँमा नीति ल्याउन लागिएको पनि उनले प्रस्ट पारे।
बुट ऐनमा आयोजना निर्माण, सञ्चालनपछि ३० वा ३५ वर्षपछि सञ्चालित अवस्थामै सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रावधान छ। सञ्चालन अवधि सकिएपछि सरकारलाई नै हस्तान्तरण गर्नुपर्छ भन्ने पक्ष वैज्ञानिक होइन,' वाग्लेले भने। यसमा निजी क्षेत्रलाई कुनै सुविधाको प्रावधान नराखिएकाले नीतिमा त्यो प्रावधान समेटिएको उनले बताए।
भारत, चीनलगायत देशमा पिपिपी नीति कार्यान्वयन, त्यसको अभ्यास र प्रभावकारिता समेटेर डेलोइटले एक महिनाअघि अर्थ मन्त्रालयलाई नमुना नीति तथा प्रस्ताव पेस गरेको थियो। उनका अनुसार उक्त प्रस्तावमा नेपालको लगानीको क्षेत्र, आर्थिक वृद्धिदर र अर्थतन्त्र सुहाउँदा विषय समेटेर नीतिको

मस्यौदालाई अन्तिम रुप दिइएको हो। मस्यौदा पास गर्न मन्त्रिपरिषद लाने तयारी भइरहेको जानकारी दिँदै वाग्लेले फागुनभित्र नीति कार्यान्वयनमा आउने दाबी गरे।

नीतिमा सरकार र निजी क्षेत्रको भूमिका, आयोजनाको प्रतिस्पर्धा, जोखिम बाँडफाँट, लगानी सुनिश्चित गर्ने प्रावधान छ। बुट ऐनमा कुनै पनि जलविद्युत तथा पूर्वाधार आयोजना निश्चित अवधिपछि सरकारमा स्वतः आउनुपर्ने प्रावधान छ। तर नीतिमा सञ्चालन अवधि सकिएपछि पनि पुनः सम्झौता गरेर निजी क्षेत्रलाई दिन सकिने प्रावधान छ।

वैदेशिक लगानीसँग सरकारले साझेदारी गर्दा प्रचलित अन्तर्राष्ट्रिय कानुन देशअनुकूल आत्मसात गर्ने नयाँ परिपाटीको विकास गर्न नीति तयार पारिएको नेपालका तर्फबाट परामर्शदाताको काम गरिरहेका पूर्वसचिव पूर्ण कडरियाले बताए। 'निजी क्षेत्रमा उपलब्ध सीप, दक्षता र उद्यमशीलता राज्यले उपयोग र लगानीका क्षेत्रमा पुँजी आकर्षित गर्न नीति प्रभावकारी हुनेछ,' उनले भने।

लगानी बोर्ड ऐनमा पाँच सय मेगावाटभन्दा माथिका जलविद्युत आयोजना र १० अर्ब रुपैयाँ बराबरका आयोजना मात्र कार्यान्वयन गर्ने प्रावधान छ। पाँच सय मेगावाटभन्दा साना आयोजना र ५ अर्ब रुपैयाँसम्मका पूर्वाधार कसरी बनाउने भन्ने कार्यादेश पनि नीतिमा स्पष्ट गरिएको एडिबीका एक उच्च अधिकारीले बताए।

'पिपिपी मोडलमा आयोजना कसरी बनाउने भन्ने बोर्ड ऐनमा पनि छैन, उसलाई पनि यस प्रकारको कानुन चाहिन्छ,' ती अधिकारीले नागरिकसँग भने, 'नीतिले बोर्डमार्फत बन्ने र सरकारले अगाडि बनाउने आयोजनामा सरकार र निजी क्षेत्रको भूमिका एवं लगानी स्पष्ट हुनेछ।' पिपिपी मोडलमा आयोजना कार्यान्वयन गर्न सरकारले विकाससँग सम्बन्धित मन्त्रालयमा 'पिपिपी युनिट' र योजना आयोगमा 'पिपिपी सेन्टर' समेत स्थापना गर्ने छ।

पिपिपी सेन्टर बोर्डले कार्यान्वयन नगर्ने आयोजनाका विषयमा काम गर्नेछ। यस्तो मोडलमा बनाउन योग्य आयोजना छान्ने, यसका लागि मन्त्रालयले तय गरेको वित्तीय स्रोत व्यवस्थापनको सेन्टरले संशोधन र पुनरावलोकन गर्नेछ। सेन्टरले पुनरावलोकन गर्दा तोकिएका आयोजना पिपिपी मोडलमा बनाउन योग्य ठहरिए सरकारलाई सिफारिस गर्नेछ। आयोजनाको अन्तिम छनोट गरी अनुमोदन गर्न पुनः 'आयोजना अनुमोदन प्राधिकरण' समेत गठन गरिने आयोगले जानकारी दिएको छ।

पिपिपी मोडलमा अहिलेसम्म कुनै आयोजना निर्माण भएका छैनन्। नेपाल विद्युत प्राधिकरणले कम्पनी स्थापना गरेर चिलिमे जलविद्युत आयोजना निर्माण गरेको छ। यही मोडलमा ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसीसमेत बनिरहेको छ। सरकारले यसलाई आंशिक पिपिपी मोडल भने पनि यी आयोजनामा निजी लगानी छैन। सरकार र निजी क्षेत्रको साझेदारीमा ठूला आयोजना बनाउन नीति नै अन्तिम व्यवस्था हुने आयोग अधिकारी बताउँछन्। नीति कार्यान्वयनका लागि आयोगले पिपिपी ऐनको मस्यौदासमेत तयार पारेको छ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७१/१०/१४

# जलविद्युत् विकासमा सरकार नै बाधक : गगन थापा

विकास थापा

व्यवस्थापिका संसद्को कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले नेपालमा जलविद्युत् विकासको मुख्य बाधक सरकार रहेको ठोकुवा गरेका छन्।

लगानीकर्तालाई आफ्नो दैलोमा आउन बाध्य पार्ने नीति, नियम र ऐनकानुन बनाएको सरकारले स्वदेशकै निजी क्षेत्रले लगानी गर्न नसकिरहेका बेला विदेशी निजी क्षेत्रले केही गर्न नसक्ने बताए। 'सरकारको उदासीनता, गैरजिम्मेवारीपनाका कारण जलविद्युत्मा लगानी हुन सकेको छैन', बुधबार ईआईसीटी नेपालले गरेको जलविद्युतमा प्रत्यक्ष वैदेशिक लगानीका सबाल विषयक छलफलमा थापाले भने।

प्रधानमन्त्री र ऊर्जामन्त्रीकै दलका नेताले भोटेकोसीको घाँटीमा छुरा राखेर, बन्धक बनाएर स्थानीयका नाममा सेयर दिन बाध्य पारिएको प्रति पनि थापाले आक्रोश व्यक्त गरे। उनले भने,'विगतमा सम्झौता जेजस्तो भएको होस्, तर राज्यले लगानी सुरक्षाको प्रत्याभूति गरिसकेपछि बन्धक बनाएर सेयर लिनु विडम्बनापूर्ण हो।' थापाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्धारित समयमा काम गर्न नसकेका स्वदेशका आयोजनाको लाइसेन्स रद्द गर्न निर्देशन दिए पनि विदेशी कम्पनीको धमाधम मन्त्रिपरिषद्मा लग्दै निर्णय गर्ने गरेको उल्लेख गरे।

आफू सभापति रहेको समितिले ऊर्जा मन्त्रीलाई समिति बैठकमै बोलाएर नयाँ विद्युत् ऐन मस्यौदा पेस गर्न निर्देशन दिए पनि नटेरेको उल्लेख गर्दै थापाले भने, 'ऊर्जामन्त्रीले पुस मसान्तसम्म ल्याउँछु भन्नुभयो। हामीले तीन पटकसम्म पत्राचार गर्‍यौं, ल्याउनु भएन, ऐन ल्याउन सरकारले घचघच्याउनुपर्नेमा हामीले नै घचघच्याउँदा पनि सरकारले जग्गा प्राप्ति ऐनलगायतका लगानीमैत्री विधेयक संसद्मा ल्याएन।'

प्रधानमन्त्रीका आर्थिक सल्लाहकार डा. चिरञ्जीवी नेपालले राजनीति र नीतिगत स्थायित्व प्रत्यक्ष वैदेशिक लगानीका लागि मुख्य आधार रहेको उल्लेख गर्दै बलियो वित्तीय संरचना निर्माण र सबै तहमा सबल इच्छाशक्ति ले जलविद्युत् विकासका लागि योगदान दिन सक्ने बताए। 'अमेरिका र चीनमा सबैभन्दा बढी वैदेशिक लगानी छ, त्यहाँबाट नेपालले पाठ सिक्नुपर्छ', डा. नेपालले भने। स्वतन्त्र उऊर्जा उत्पादकको संस्था (इपान) का अध्यक्ष खड्गबहादुर बिष्टले लगानी नीति आवश्यक रहेको जलाशययुक्त आयोजनाको पीपीए दर तय हुनुपर्ने बताए।

सभासद् शिवचन्द्र चौधरीले सरकार बदलिएसँगै जलविद्युत् नीतिमा आउने परिवर्तन पनि प्रत्यक्ष वैदेशिक लगानीका लागि बाधक रहेको उल्लेख गर्दै यसको अन्त्यका लागि एकद्वार प्रणाली आवश्यक रहेको बताए।

नेपाल हाइड्रो पावर एसोसियसनका उपाध्यक्ष श्रीरञ्जन लाकौलले आगामी १५ वर्षभित्र नेपाललाई आवश्यक १० हजार मेगावाट विद्युत्का लागि २० खर्बभन्दा लगानी आवश्यक रहेको उल्लेख गरे। विद्युत् विकास विभागका पूर्वमहानिर्देशक दिल्लीबहादुर सिंहले पञ्चेश्वर बहुउद्देश्यीय आयोजना निर्माणमा जोड दिए।

जलविद्युत् विकास तथा लगानी कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारले स्वदेशी लगानीका आयोजनालाई प्राथमिकता दिनुपर्ने बताए। इपानका महासचिव एवं नेपाल उद्योग वाणिज्य महासंघ ऊर्जा समितिका उपसभापति कुमार पाण्डेले जलविद्युत्मा प्रत्यक्ष वैदेशिक लगानीका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए।

श्रोतः राजधानि दैनिक, २०७१/१०/१४

# ‘जलविद्युत् विकासमा प्रत्यक्ष वैदेशिक लगानी बाध्यता’

जलविद्युत् विज्ञ र सरोकारवाला निकायका प्रतिनिधिहरूले नेपालको जलविद्युत् विकासका लागि प्रत्यक्ष विदेशी लगानी (एफडीआई) बाध्यता रहेको बताएका छन् । नेपालले विकासमा फड्को मार्नका लागि जलविद्युत् मुख्य क्षेत्र रहेको उल्लेख गर्दै एफडीआई आवश्यकताभन्दा पनि बाध्यता भएको बताए । बुधबार ईआईसीटी नेपालले राजधानीमा आयोजना गरेको जलविद्युत्मा प्रत्यक्ष वैदेशिक लगानीका सवाल विषयक छलफलमा उनीहरूरुले आर्थिक समृद्धिका लागि जलविद्युत्को विकासलाई सबैभन्दा उच्च प्राथमिकता दिनुपर्ने बताए ।

कार्यक्रममा प्रधानमन्त्रीका आर्थिक सल्लाहकार डा. चिरञ्जीवी नेपालले मुलुको समृद्धिका लागि जलविद्युत् क्षेत्रको विकासको विकल्प नभएको भन्दै यसका लागि सबै किसिमको सहज वातावरण हुनुपर्ने बताए । नीति र राजनीतिमा हुने स्थायित्वले विदेशी लगानीलाई प्रभाव पार्ने उल्लेख गर्दै उनले बलियो वित्तीय संरचना र सबै तहभित्रको सवल इच्छाशक्तिले मात्र जलविद्युत्को विकास हुन सक्ने बताए । बगेर जाने पानीको उपयोग नगरेर अनावश्यक विवाद गर्नु निरर्थक रहेको भन्दै उनले स्वदेशी तथा विदेशी सबै लगानीकर्तालाई सुरक्षित वातावरण बनाउनुपर्ने र विश्वकै ठूलो अर्थतन्त्र भएको मुलुकहरू अमेरिका र चीनमा सबैभन्दा बढी वैदेशिक लगानी परिचालन भएको पाठाबाट नेपालले उनको भनाइ थियो ।

व्यवस्थापिका संसद्को कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले नेपालको आन्तरिक जलविद्युत् वातावरण उदार नभएसम्म विदेशी लगानीको सम्भावना नभएको बताए । विद्युत्, विद्युत् नियमन आयोग, जग्गा प्राप्ति, सार्वजनिक खरिद लगायतका जलविद्युत् विकाससँग प्रत्यक्ष जोडिने विधेयक सरकारी वेवास्ता र हेलचेक्याइँका कारण आउन नसकेको उनको आरोप थियो । ‘सरकारले भन्नुभन्दा संसद्ले पटक पटक विधेयक ल्याउन सरकारले भने पनि ल्याएको छैन, सरकारका मन्त्रीलाई वास्ता छैन,’ उनले भने ।

सभासद् शिवचन्द्र चौधरीले सरकार बदलिएसँगै जलविद्युत् नीतिमा आउने परिवर्तनको अन्त्य हुनुपर्ने र जलविद्युत् विकासका लागि एकद्वार प्रणालीको संरचना आवश्यक रहेको बताए । पूर्वसचिव एवं नेपाल हाइड्रो पावर एसोसियसनका उपाध्यक्ष श्रीरञ्जन लाकौलले नेपालका लागि वैदेशिक लगानी आवश्यकता र बाध्यता दुवै भएको गर्दै स्वदेशी आवश्यकता परिपूर्तिका लागि पनि विदेशी लगानी जरुरी रहेको बताए । ‘आगामी १५ वर्षका लागि आवश्यक थप १० हजार मेगावाट विद्युत्का लागि २० खर्ब आवश्यक छ, त्यो

पुँजी सबै स्वदेशबाट लगानी हुने सम्भावना कम छ, यसका लागि विदेशी लगानी अवाश्यक छ,' उनले भने ।

विद्युत् विकास विभागका पूर्व महानिर्देशक डीबी सिंहले नेपालको २ लाख मेगावाटसम्म नेपालले विद्युत् उत्पादन गर्न सक्ने भएकाले त्यसका लागि वैदेशिक लगानी आवश्यक भएको र पञ्चेश्वर बहुद्देश्यीय आयोजनाजस्ता ठूला परियोजनाको विकासमा नेपालको ध्यान जानुपर्ने बताए ।

जलविद्युत् विकास तथा लगानी कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियार, स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इपान) का अध्यक्ष खड्गबहादुर विष्ट, जलस्रोत पत्रकार विकास थापालगायतले जलविद्युत् विकासका लागि स्पष्ट नीति र सामूहिक सहकार्य जरुरी भएको बताए । कार्यक्रममा इपानका महासचिव एवं नेपाल उद्योग वाणिज्य महासंघ ऊर्जा समितिका उपसभापति कुमार पाण्डेले जलविद्युत्मा प्रत्यक्ष वैदेशिक लगानीका बारेमा कार्यपत्र प्रस्तुत गर्दै अस्थिर राजनीति, सरकार, नीति, प्रक्रियालगायत यसका अवरोधक रहेको उल्लेख गरे ।

श्रोतः राजधानि दैनिक, २०७१/१०/१४

# १४ मध्ये १३ जलविद्युत् आयोजनाका लाइसेन्सको म्याद थप्न मन्त्रिपरिषद्मा प्रस्ताव

**रामप्रसाद पुडासैनी** ,
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लाइसेन्स रद्द गर्न निर्देशन दिएका १४ वटा जलविद्युत् आयोजनामध्ये १३ वटाको लाइसेन्स ब्युँताउन ऊर्जा मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव दर्ता गरेको छ । अख्तियारले दुई फरक समयमा विज्ञप्ति प्रकाशित गर्दै ती आयोजनाहरुले कानुनअनुसार काम नगरेको भन्दै लाइसेन्सको म्याद थपिरहन नपर्ने भनेको थियो । ऊर्जामन्त्री राधा ज्ञवालीले दिएको जानकारीअनुसार चार सय मेगावाटको तल्लो अरुणबाहेक सबै आयोजनाका लाइसेन्स ब्युँताउन मन्त्रिपरिषद्मा प्रस्ताव लगिएको हो । कुनैको म्याद थप्ने र कुनैको रद्द गर्दा थप विवाद आउने देखिएपछि मन्त्री ज्ञवालीले तल्लो अरुणबाहेक सबैको म्याद थप गर्न प्रस्ताव लगेकी हुन् । तल्लो अरुणको भने पहिले नै लाइसेन्स रद्द भएको कारण म्याद थप गर्न प्रस्ताव नलगिएको हो । ‘चार सय मेगावाटको तल्लो अरुणबाहेक सबै (१३ वटा) आयोजनाको म्याद थप गर्न हिजो (मंगलबार) मन्त्रिपरिषद्मा प्रस्ताव दर्ता गरिएको छ’, मन्त्री ज्ञवालीले भनिन्, ‘व्यवस्थापिका संसद्को अर्थ समितिले पनि ३७ दशमलव सात मेगावाटको कावेली ‘ए’ लगायतका आयोजनाबारे उपयुक्त निर्णय तत्काल लिन भनेको कारण मन्त्रिपरिषद्मा प्रस्ताव लगेकी हुँ ।’

विद्युत् ऐन २०४९ र विद्युत् नियमावली २०५० अनुसार ऊर्जासचिवले जलविद्युत् आयोजनाको सर्वेक्षण, उत्पादन अनुमतिपत्र प्रदान तथा खारेज गर्ने निर्णय गर्नसक्ने उल्लेख छ । सचिवले अख्तियारको निर्देशन अवज्ञा नगरी सबैको लाइसेन्स रद्द गर्ने भएपछि मन्त्रीले म्याद थपको निर्णय गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लगेकी हुन् । मन्त्रिपरिषद्ले गरेको निर्णयमाथि अख्तियारले छानबिन गर्न पाउँदैन । मन्त्री ज्ञवालीले मंसिरमा बसेको अर्थ समितिको बैठकमा सभासद्हरुको प्रश्नको जवाफ दिँदै मन्त्रिपरिषद्बाट भए पनि लाइसेन्सको म्याद जोगाइदिने प्रतिबद्धता व्यक्त गरेकी थिइन् । १४ वटा जलविद्युत् आयोजनाको लाइसेन्स रद्द गर्ने वा नगर्नेबारे निर्णय दुई महिनाभित्र गर्न व्यवस्थापिका संसद्को कृषि तथा जलस्रोत समितिले पनि पुस १ गते ऊर्जा मन्त्रालयलाई निर्देशन दिएको थियो । अख्यियारले रद्द गर्न र संसद्का समितिले उचित निर्णय गर्न निर्देशन दिँदा पनि कार्यान्वयन नहुँदा प्रवद्र्धकहरु थप तनावमा परेका थिए । मन्त्रिपरिषद्मा प्रस्ताव दर्ता भएपछि म्याद थप भए सबैको हुने र रद्द भए पनि सबैको रद्द

हुन्छ । ऊर्जाले निर्णय गर्न नसकेको कारण गत भदौमै अख्तियारले लाइसेन्स रद्द गर्न दिइएका आयोजनाका प्रवद्र्धकहरु लामो समयदेखि पीडामा छन् । १० आयोजनाका प्रवद्र्धक ढिलो निर्णयको सिकार भएको बेला थप चार आयोजनाको लाइसेन्स नवीकरण नगर्न अख्तियारले पत्र पठाएपछि यो विषय संसद्को अर्थको साथै कृषि तथा जलस्रोत समितिमा प्रवेश गरेको थियो । अख्तियारले दश आयोजनाको भदौ १३ र चार आयोजनाको कात्तिक ११ गते लाइसेन्स नवीकरण नगर्न निर्देशन दिएको थियो ।

अख्तियारले लाइसेन्स नवीकरण नगर्न निर्देशन दिएका आयोजनाहरु मध्ये करुवाखोला— ३६ मेगावाट,  भोटेकोशी– ५—६० मेगावाट, बुकुखोला— ६ मेगावाट, तल्लो इन्द्रवती— ४.५ मेगावाट, छाहारेखोला— १७.५ मेगावाट, मिदिमखोला— ३.४ मेगावाट, माथिल्लो मैलुङखोला— १४.३ मेगावाट, माथिल्लो सोलुखोला— १८ मेगावाट, माथिल्लो खोरुङ्गाखोला— ६.८ मेगावाट, तल्लो बलेफी— २० मेगावाट, कावेली–ए— ३७.७ मेगावाट, माथिल्लो इङ्गवा— ९.७ मेगावाट र बलेफि—बी— ४.५३३ मेगावाटको आयोजनाको म्याद थप्न मन्त्रिपरिषद्मा प्रस्ताव लगिएको हो ।

**लाइसेन्स नवीकरण गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लगिएका आयोजनाहरु :**

१. करुवाखोला — ३६ मेगावाट
२. भोटेकोशी–५ — ६० मेगावाट
३. बुकुखोला — ६ मेगावाट
४. तल्लो इन्द्रावती — ४.५ मेगावाट
५. छाहारेखोला — १७.५ मेगावाट
६. मिदिमखोला — ३.४ मेगावाट
७. माथिल्लो मैलुङखोला — १४.३ मेगावाट
८. माथिल्लो सोलुखोला — १८ मेगावाट
९. माथिल्लो खोरुङ्गाखोला — ६.८ मेगावाट
१०. तल्लो बलेफी — २० मेगावाट
११. कावेली–ए — ३७.७ मेगावाट
१२. माथिल्लो इङ्गवा — ९.७ मेगावाट
१३. बलेफी–बी — ४.५३३ मेगावाट

श्रोतः नागरिक, २०७१/१०/१५

# जलविद्युतमा वैदेशिक लगानी अपरिहार्य

उच्च आर्थिक वृद्धि हासिल गर्न र ठूला जलविद्युत आयोजना निर्माण गर्न प्रत्यक्ष वैदेशिक लगानी अपरिहार्य रहेको सरोकारवाला तथा विज्ञहरुले बताएका छन्। काठमाडौंमा बुधबार आयोजित अन्तर्क्रिया कार्यक्रममा जलविद्युत विकासको सम्भावनालाई अधिकतम उपयोग गर्न वैदेशिक लगानीको विकल्प नरहेको उनीहरुको तर्क छ। कार्यक्रममा प्रधानमन्त्रीका आर्थिक सल्लाहकार चिरञ्जीवी नेपालले मुलुकको आर्थिक विकासमा जलविद्युतले फड्को मार्न सकिने भन्दै आयोजना निर्माणका लागि अनुकुल वातावरण सिर्जना गर्नुपर्ने बताए।

'राजनीति र नीतिगत स्थायित्व प्रत्यक्ष वैदेशिक लगानीका लागि मुख्य आधार हुन्,' उनले भने, 'बलियो वित्तिय संरचना निर्माण र सबै तहमा सबल इच्छाशक्तिले जलविद्युत विकासमा योगदान पुग्न सक्छ।' बगेर जाने पानीको उपयोग नगरेर अनावश्यक विवाद गर्नु निरर्थक रहेको टिप्पणी गर्दै स्वदेशी तथा विदेशी सबै लगानीकर्तालाई सुरक्षित वातावरण बनाउनुपर्ने उनले बताए।
संसदको कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले नेपालको आन्तरिक जलविद्युत वातावरण उदार नभएसम्म विदेशी लगानीको सम्भावना नरहेकाले जलविद्युतमैत्री नीति बनाउनुपर्नेमा जोड दिए। 'विद्युत नियमन आयोग, जग्गा प्राप्ति, सार्वजनिक खरिदलगायत कानुन सरकारी वेवास्ताले आउन सकेका छैनन्,' उनले भने, संसदले नै सरकारलाई विधेयक ल्याउन पटक–पटक ताकेता गर्दासमेत चासो दिइको छैन।'
जलविद्युत विकासमा वैदेशिक लगानी आवश्यकता र वाध्यता दुवै भएको पूर्वसचिव श्रीरञ्जन लाकौलले बताए। उनका अनुसार आगामी १५ वर्षभित्र नेपाललाई आवश्यक १० हजार मेगावाट विद्युत उत्पादन गर्न २० खर्व रुपैयाँ बढी लगानी आवश्यक पर्छ।यति ठूलो लगानी देशबाट मात्र जुट्न नसक्ने उनको तर्क छ।
यसैगरी, विद्युत विकास विभागका पूर्वमहानिर्देशक दिल्लीबहादुर सिंहले दुई लाख मेगावाटसम्म विद्युत उत्पादन गर्न सक्ने भएकाले त्यसका लागि वैदेशिक लगानीको विकल्प नरहेको बताए। उनले भने, 'पञ्चेश्वर बहुउद्धेश्यीय आयोजना जस्ता ठूला परियोजनाको विकासमा नेपालले ध्यान दिनुपर्छ।'

श्रोतः नागरिक, २०७१/१०/१५

## माथिल्लो त्रिशूली थ्री ए ७५ प्रतिशत सकियो

६० मेगावाट क्षमताको माथिल्लो त्रिशूली थ्री ए जलविद्युत आयोजनाको ७५ प्रतिशत काम सकिएको छ। बाँध र सुरूङ निर्माण अन्तिम चरणमा पुगेको छ। ४ हजार ९३ मिटर सुरुङमध्ये ३ हजार दुई सय ९३ मिटरको काम सकिएको आयोजनाले जनाएको छ। अबको तीन महिनाभित्र सुरुङको काम सक्ने लक्ष्य छ।

हाल दैनिक ८ मिटरका दरले सुरुङ निर्माण भइरहेको आयोजना प्रमुख उत्तम अमात्यले बताए। 'बाँध निर्माण ७५ प्रतिशत पूरा भएको छ,' प्रमुख अमात्यले भने, 'पावरहाउसको काम पनि करिब ७५ प्रतिशत सकिएको छ।'

आयोजनाले सन् २०१६ को आधाआधीतिर उत्पादन थाल्ने लक्ष्य राखेको प्रमुख अमात्यले जानकारी दिए। उत्पादित बिजुली राष्ट्रिय प्रसारणमा जोड्न भने समस्या छ। स्थानीयको अवरोधले प्रसारण लाइनको काम अघि बढ्न सकेको छैन। स्थानीयले सडक, मन्दिर, पाटीपौवा, स्कुल निर्माण लगायत माग राखेर अवरोध गरिरहेको उनले बताए।

सन् २०१६ जुनमा उत्पादन थाल्ने आयोजनाको लक्ष्य छ। सोही लक्ष्य अनुसार काम तीव्र गतिमा भइरहेको अमात्यको भनाइ छ। २०१६ कै अप्रिलसम्म सक्नु पर्ने प्रसारण लाइनको काम १० प्रतिशत पनि पूरा हुन सकेको छैन।

यो प्रसारण लाइन बेलैमा नबने अबको एक वर्षमा उत्पादन गर्ने तयारीमा रहेको १११ मेगावाट रसुवागढी, सान्जेन तल्लो र माथिल्लोको ५७ मेगावाट बिजुली खेर जान्छ। प्रसारण लाइन निर्माण र बिजुली उत्पादनको काम एकसाथ अघि बढाउने योजना रहे पनि पूरा हुन नसकेको अमात्यले बताए। दुई करोड १० लाख अमेरिकी डलर (करिब दुई अर्ब १० करोड रुपैयाँ) को उक्त प्रसारण लाइन समयमा पूरा नभए ५५ मेगावाट अपर मर्स्याङ्दीको बिजुली पनि खेर जाने प्रमुख अमात्यले बताए।

रसुवा र नुवाकोटमा उत्पादित बिजुली काठमाण्डौको नागढुंगामा जोडिने छ। मनकामनाको अर्चलेदेखि काठमाडौं मातातीर्थसम्मको ४५ किलोमिटर प्रसारण लाइन निर्माण गर्न जग्गा अधिग्रहण भइसकेको छ। प्रसारण लाइन क्षेत्रमा पर्ने २४ वटा सामुदायिक वनका करिब १८ हजार रूख काट्न टाँचा लगाइए पनि पूर्ण रुपमा काट्ने अनुमति नआएको उनले बताए। ६ वटा सामुदायिक वनको रूखमा टाँचा लगाउन बाँकी छ।

त्रिशूली थ्री एले गति लिएसँगै थ्री बीको काम पनि सुरू भएको छ। ४२ मेगावाट क्षमताको यो आयोजनाले आवास र आयोजना निर्माणको अन्तिम तयारी गरिरहेको बताएको छ।

सन् २०११ मा निर्माण सुरु भई ३५ महिनाभित्र आयोजना सक्नुपर्ने सम्झौता भए पनि आयोजनाको म्याद थपेर सन् २०१६ को जुन ३० सम्ममा सम्पन्न गर्ने सम्झौता भएको छ। म्याद थपिएपछि ठेकेदार चीनको गेजुबा ग्रुप कम्पनी लिमिटेडले काम तीव्र बनाएकोले समयमै सकिने आयोजनाको भनाइ छ। आयोजना

निर्माणमा अहिले नेपाली र चिनियाँ दक्ष र अदक्ष गरी ६ सयभन्दा बढी कामदार परिचालन गरिएको छ। हाइड्रो मेकानिकलको काम ६५ प्रतिशत पूरा भएको र इलेक्ट्रो मेकानिकको भने केही बाँकी रहेको आयोजनाले जनाएको छ।

श्रोतः अभियान, २०७१/१०/१५

# जलविद्युत् विकासको अवरोधक अस्थिर नीति र सरकार

जलविद्युत् विकासको क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी नआउनुमा अस्थिर नीति र सरकार जिम्मेवार रहेको सरोकारवालाहरूले बताएका छन् । बुधवार राजधानीमा आयोजित जलविद्युत्मा प्रत्यक्ष वैदेशिक लगानीका सवालसम्बन्धी अन्तरक्रियामा उनीहरूले त्यस्तो बताएका हुन् ।

अन्तरक्रियामा प्रधानमन्त्रीका आर्थिक सल्लाहकार डा चिरिञ्जीवी नेपालले जलविद्युत्मा विदेशी लगानी ल्याउन सरकारसँगै नीतिको स्थायित्वमा पनि ध्यान दिनुपर्ने बताए । 'नीति स्थिर नहुँदा लगानीकर्ता लगानीको सुरक्षा नहुने निष्कर्षमा पुग्छ,' उनले भने, 'नेपालमा पछिल्ला ४ वर्षमा चारओटा सरकार र पाँचपटक विद्युत्सम्बन्धी कानून परिवर्तन भएको छ । यसले पनि लगानीकर्ता हतोत्साही भएका हुन् ।' डा नेपालले चीन र भारतको उदाहरण दिँदै त्यहाँ नीतिगत स्थिरता भएकैले वैदेशिक लगानी निरन्तर वृद्धि भइरहेको धारणा राखे । त्यसबाहेक बलियो वित्तीय संरचना निर्माण र सबै तहमा सबल इच्छाशक्तिले मात्र जलविद्युत् विकासमा योगदान दिनसक्ने उनको भनाइ छ । 'अब स्वदेशी तथा विदेशी लगानीकर्ताका लागि सुरक्षित लगानी वातावरण बनाउनैपर्छ,' डा नेपालले भने ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान)का महासचिव कुमार पाण्डेले जलविद्युत्मा प्रत्यक्ष वैदेशिक लगानीबारे कार्यपत्र प्रस्तुत गर्दै अस्थिर राजनीति, नीति र प्रक्रिया अवरोधकका रूपमा रहेको बताए । नेपाल हाइड्रोपावर एशोसिएशनका उपाध्यक्ष श्रीरञ्जन लाकौलले जलविद्युत् विकासका लागि प्रत्यक्ष वैदेशिक लगानी आवश्यकताभन्दा बाध्यता भइसकेको धारणा राखे । आगामी १५ वर्षभित्र नेपाललाई आवश्यक १० हजार मेगावाट विद्युत्का लागि २० खर्ब रुपैयाँ लगानी आवश्यक रहेको उनको भनाइ छ ।

'स्वदेशी आवश्यकता पूरा गर्नसमेत वैदेशिक लगानी आवश्यक छ,' उपाध्यक्ष लाकौलले भने ।

विद्युत् विकास विभागका पूर्वमहानिर्देशक डीबी सिंहले पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाजस्ता ठूला परियोजनाको विकासमा नेपालको ध्यान जानुपर्नेमा जोड दिए । व्यवस्थापिका–संसद्को कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले नेपालको आन्तरिक जलविद्युत् वातावरण उदार नभएसम्म विदेशी लगानीको सम्भावना नभएकाले जलविद्युत्मैत्री नीति निर्माण हुनुपर्नेमा जोड दिए ।

विद्युत्, विद्युत् नियमन आयोग, जग्गाप्राप्ति, सार्वजनिक खरीदलगायत जलविद्युत् विकाससँग प्रत्यक्ष जोडिने विधेयकहरू सरकारी बेवास्ता र हेलचेक्र्याइँका कारण आउन नसकेको उनको भनाइ छ । 'संसद्ले सरकारलाई सम्बन्धित विधेयक ल्याउ भनेर पटकपटक ताकेता गर्दा पनि चासो दिएको छैन,' सभापति थापाले भने । सभासद् शिवचन्द्र चौधरीले प्रत्यक्ष वैदेशिक लगानीका लागि एकद्वार प्रणाली आवश्यक रहेको बताए ।

जलविद्युत् विकास तथा लगानी कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारले देशका आवश्यकतालाई ध्यानमा राखी स्वदेशी लगानीका आयोजनालाई तीव्रता दिनुपर्ने बताए । इपानका अध्यक्ष खड्गबहादुर बिष्टले नेपाल र भारतबीच भएको विद्युत् व्यापार सम्झौतासँगै त्यसको कार्यान्वयनका लागि आवश्यक संयन्त्रहरू निर्माण

गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा विद्युत् खरीद सम्झौता (पीपीए)मा हुने नीतिगत भ्रष्टाचारको अन्त्य गरी डलरमा पीपीएबारे स्पष्ट नीति तर्जुमा गर्नुपर्नेमा सहभागीहरूले जोड दिए । कार्यक्रमको आयोजना ईआईसीटी नेपालले गरेको हो ।

श्रोतः कारोवार, २०७१/१०/१६

# माथिल्लो–मस्र्याङ्दी–२ सँग पीडीए वार्ता हुँदै

लगानी बोर्डले ६ सय मेगावाटको माथिल्लो मस्र्याङ्दी–२ जलविद्युत्को आयोजना विकास सम्झौता (पीडीए) वार्ता फागुनदेखि सुरु गर्ने भएको छ ।

९ सय मेगावाटको माथिल्लो कर्णाली र ९ सय मेगावाटको अरुण तेस्रोको पीडीए सम्पन्न गरेको बोर्डले तेस्रो चरणमा मस्र्याङ्दी–२ आयोजना अघि बढाउन भारतको जीएमआर इनर्जी लिमिटेडसँग वार्ता सुरु गर्न लागेको हो । बोर्डसँग भएकामध्ये पीडीए हुन माथिल्लो मस्र्याङ्दी–२ र ६५० मेगावाटको तामाकोसी तेस्रो आयोजना छन् । बोर्ड बैठकबाट पीडीए वार्ता समूह गठनपछि वार्ता अघि बढ्ने बोर्डका उपसचिव खगेन्द्र रिजालले बताए । उनका अनुसार आगामी बोर्ड बैठकले पीडीए वार्ता टोली गठन गर्नेछ ।

माथिल्लो कर्णालीको प्रवद्र्धक हुनुका साथै खाका तयार भइसकेकाले जीएमआरसँग मस्र्याङ्दीको पीडीए वार्ता सहज हुने अनुमान बोर्डको छ । कर्णाली र अरुण आयोजनाका प्रवद्र्धकसँग ६ वर्षअघि नै निःशुल्क ऊर्जा र सेयरलगायत अन्य धेरै विषयमा सहमति जुटेको थियो ।

मस्र्याङ्दीका अतिरित्त प्रसारणलाइन निर्माणमा विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) ले लगानी गर्दै छ । आयोजनालाई आवश्यक लगानी जुटाउने काम आइएफसीले लगानी गर्नेछ । यो विषयमा प्रवद्र्धक जीएमआर र आईएफसीबीच संयुक्त आयोजना विकास सम्झौता भइसकेको छ, जसअनुसार आईएफसीले आयोजनामा १० प्रतिशत सेयर तथा १५ प्रतिशत कर्जा लगानी गर्नेछ । जीएमआरले गरेको संभाव्यता अध्ययनअनुसार मस्र्याङ्दीमा १ खर्ब रुपैयाँभन्दा लगानी हुनेछ ।

भारत निकासीका लागि आयोजना निर्माण हुन लागेको हो । यसमा जीएमआर र आईएफसीका अतिरित्त नेपाली एजेन्ट वृन्द्धामान प्रधानाङ्को पनि सेयर छ । आयोजना जीएमआरअन्तर्गतको हिमताल हाइड्रोपावर कम्पनीले बनाउनेछ । नदीको वहाव (रन अफ दी रिभर ) प्रकृतिको यो आयोजना निर्माण, सञ्चालन र हस्तान्तर (बुट) नीतिअन्तर्गत जीएमआरले २५ वर्षका लागि विद्युत् उत्पादन अनुमतिपत्र (लाइसेन्स) पाउनेछ ।

जीएमआरले सन् २०१६ को अन्त्यसम्म आयोजना सम्पन्न गर्ने लक्ष्य लिए पनि पीडीए र अन्य प्रक्रियागत ढिलाइले आयोजना पछि धकेलिएको छ । आयोजना २०२२ पछि मात्र आउने सम्भावना छ । हिमतालले आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) र वातावरणीय प्रभाव मूल्यांकनको काम सकेको छ ।

आयोजना मनाङ र लमजुङ जिल्लामा पर्छ । आयोजनाबाट मनाङको ताल गाउँ धारापानी र लमजुङको तागहिरिङ र घेर्मु गाविसका बासिन्दा प्रभावित हुनेछ । आयोजनाले प्रभावित गाविसमा सामुदायिक विकास योजनाअन्तर्गत १ अर्ब रुपैयाँ बढी लगानी गरिसकेको छ ।

काम सुरु भएको ५ बर्षमा आयोजना सम्पन्न हुनेछ । मनाङको धारापानी गाविसको तालगाउँमा बाँध बाँधी ११.२ किलोमिटर भूमिगत सुरुङबाट पानी ल्याई लमजुङको ताघ्रिङस्थित स्याँगेमा विद्युत्गृह रहनेछ । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा आयोजना सञ्चालनका लागि सरकारी जग्गा ६९.१३ हेक्टर र व्यक्तिगत जग्गा ६७.८७ हेक्टर गरी जम्मा १३७.११ हेक्टर जग्गा अधिग्रहण गरिने उल्लेख गरिएको छ ।

श्रोतः कारोवार, २०७१/१०/१६

## धोबीखोलाको सार्वजनिक जग्गामा चलखेल

*मालपोतले दर्ता गर्‍यो, मुख्यसचिवले रोके*

जगन्नाथ दुलाल

काठमाडौं, १५ माघ- मुख्यसचिव लीलामणि पौडेलको निर्देशनपछि मालपोत कार्यालय डिल्लीबजारले पञ्चामृत–गोकर्णेश्वर गुठीका नाममा दर्ता भएको जग्गा रोक्का गरेको छ । काठमाडौं महानगरपालिका–५ भत्केको पुलसँगै रहेको जग्गाकै कारण स्थानीयले डिल्लीबजार मालपोत प्रमुख गोपाल गिरीलाई कालोमोसो दलेपछि विवाद बाहिर आएको थियो । सरकारका नाममा रहेको यो जग्गा गुठीका नाउँमा दर्ता गर्ने काममा मालपोत कार्यालय नै संलग्न रहेपछि स्थानीयले गिरीलाई २ साताअघि कालोमोसो दलेका थिए ।

सरकारको नाममा रहेको जग्गा दर्ता गर्न लागेको थाहा पाएपछि 'सार्वजनिक जग्गा संरक्षण गरिपाऊँ' भन्दै स्थानीयले प्रधानमन्त्री कार्यालय गुहारेका थिए । यसमा मुख्यसचिवले चासो देखाएपछि गृह मन्त्रालयमा बसेको सरोकारवालाको बैठकले सरकारी जग्गा भए÷नभएको यकिन गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिएको छ ।

स्थानीयको उजुरीपछि मुख्यसचिव पौडेलको निर्देशनअनुसार मंसिर २४ गते नै राष्ट्रिय सतर्कता केन्द्रले रोशनराज पन्तको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । समितिले पुस ११ गते प्रतिवेदन बुझाएको थियो । समितिको अध्ययनपछि नापी कार्यालय डिल्लीबजारले पुस १ गते उपलब्ध गराएको नक्सामा धोबीखोलाको विवादित कित्ता नम्बर ५०५ कामनपा वडा नं. २५ (क) जनिएको उल्लेख छ । साविक नगर २५(क) कित्ता नम्बरबाट हाल कायम भएको नगर ५ सिट नम्बर १०२६–२५, १०२६–०९ र १०६६–०५ नेपाल सरकारकै नाममा देखिएको छ । 'सोही जग्गा मालपोत कार्यालय डिल्लीबजारको ०७१ मंसिर ८ को पत्रबाट (मालपोतको ०७१ कात्तिक ३ को निर्णयअनुसार) पञ्चामृत–गोकर्णेश्वर गुठीको नाममा गएको देखिन्छ' प्रतिवेदनमा भनिएको छ ।

स्थानीयले वर्षौंदेखि खेलमैदानका रूपमा प्रयोग गर्दै आएको यो जग्गा धोबीखोलाले बहाव परिवर्तन गरेपछि खाली थियो । ०२१ को नापीअनुसार खोला हिँडेको र 'स्याटलाइट' नक्सा हेर्दा पनि खोला नै रहेको उक्त जग्गा कसैले कहिले पनि भोगचलन नगरेको स्थानीयको दाबी छ ।

"कसैले भोगचलन नगरेको जग्गामा कसरी मोही कायम हुन सक्छ ?" जग्गाको 'स्याटलाइट' नक्सा देखाउँदै सरोकार समितिका अध्यक्ष अच्युत सापकोटाले भने, "नक्कली गुठी सिर्जना गरेर भूमाफियाले चलखेल गरेका छन्, यसमा मालपोत प्रमुखको प्रत्यक्ष संलग्नता देखिन्छ ।"

तर, मालपोत प्रमुख गिरी भने स्थानीयको आरोपमा कुनै सत्यता नभएको दाबी गर्छन् । "माधवकुमार नेपाल प्रधानमन्त्री रहेको मन्त्रिपरिषद्ले गरेको निर्णय मैले कार्यान्वयनमात्र गरेको हुँ," उनी भन्छन्, "बुझ्दै नबुझी ममाथि कालोमोसो दलियो ।"

प्रमुखलाई कालोमोसो दलेपछि सावजनिक बहसमा आए पनि यो जग्गामा पटक–पटक बदमासी गर्न खोजेको देखिन्छ । ०५२ मंसिर २१ गते गुठी संस्थानले यो जग्गा गुठी तैनाथीमा दर्ता गर्ने निर्णय गरेको थियो । अधिनस्थ गुठी तैनाथीमा दर्ता गर्न नमिल्ने भन्दै दायर रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले गुठी संस्थानको निर्णय उल्ट्याएको थियो । "अधिनस्थ जग्गा हो, तैनाथीमा दर्ता नगर्नू," सर्वोच्चले ०५७ चैत २९ मा परमादेश जारी गर्दै भनेको थियो ।

सर्वोच्चको परमादेश कार्यान्वयनका लागि मालपोतमा पत्र पुगे पनि उसले सरकारका नाममा रहेको जग्गा अधिनस्थ गुठीमा दर्ता गर्न नमिल्ने भन्दै जग्गा दर्ता गर्ने नै भए सरकारको निर्णय चाहिने भचन्दै भूमिसुधार मन्त्रालयमा पठाएको थियो । तर, मन्त्रालयले १ दशक बितिसक्दा पनि कुनै निर्णय गरेन ।

माधवकुमार नेपाल प्रधानमन्त्री भएपछि मन्त्रिपरिषद्ले १ दशकदेखि अघि नबढेको फाइल खोलेको थियो । ०६७ मंसिर ८ गते निर्णय गर्दै मन्त्रिपरिषद्ले 'नेपाल सरकारको नाममा रहेको दर्ता सच्याई गुठीले पाउनुपर्ने जग्गा गोकर्णेशवर–पञ्चामृत गुठीको अधिनस्थ दर्ता गर्न' स्वीकृति दिएको थियो । जग्गा दर्ता गराउने गिरोहले राजनीतिक मिलेमतोमा मन्त्रिपरिषद्बाट विवादास्पद निर्णय गराउन सफल भएको सरोकार समितिका सदस्य मनोहर खड्का बताउँछन् ।

तैनाथी गुठीमा दर्ता भए मोही कायम हुन्छ, अधिनस्थ गुठीमा दर्ता भए हुँदैन । तैनाथीमा जग्गा दर्ता गर्न खोज्नुले स्थानीय त्यतिबेलैबाट सशंकित थिए । "स्थानीयको विरोधपछि गुठीका नाममा दर्ता गर्ने प्रयास रोकिँदै आएकोमा मालपोत प्रमुख गिरीले एकाएक जग्गा दर्ता गर्नु शंकास्पद छ," सरोकार समितिका अर्का सदस्य सन्तोष पाण्डेले भने ।

स्थानीयले मन्त्रिपरिषद्को निर्णय त्रुटिपूर्ण रहेको जीकिर गर्दै निर्णय सच्याउन दबाब अभियान चलाइरहेका छन् । उनीहरूको दबाबपछि ३ वटा मालपोत प्रमुखले मन्त्रिपरिषद्ले गरेको निर्णय कार्यान्वयन गर्न सकेका थिएनन् । चौथो प्रमुख गिरीले ०७१ कात्तिक ३ गते पुर्जा जारी गरेका थिए ।

सोही जग्गा मालपोत कार्यालय चाबहिलले ०५५ कात्तिक १ गते रामप्रसाद उपाध्यायको नाममा दर्ता गर्न गोरखापत्रमा सूचना निकालेको थियो । त्यतिबेला स्थानीयले सार्वजनिक जग्गा दर्ता गर्न नपाइने भन्दै आपत्ति जनाएपछि कार्यालयले 'साविक २५ (क) कित्ता नम्बर ५०५ धोविखोला सार्वजनिक जग्गा नै हो' भनी सूचना बदर गरेको थियो । तर, सोही जग्गा अहिले गुठीका नाममा दर्ता भएको छ । स्थानीयले यो जग्गा कहिले पनि कसैले भोगचलन नगरेको दाबी गर्दै आएका छन् ।

प्रमुख गिरीले भने ०२१ मा जग्गाको नापी हुँदा ८ रोपनी जग्गा खोलामा परेपछि गुठीले बाँकी रहेको ८ रोपनीको मात्र पुर्जा लिएको र पछि खोलाको बहाव फेरिएपछि ०४४ सालमा नापी हुँदा सरकारको नाममा ल्याइएको दाबी गरेका छन् ।